असार – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

| वर्ष २३, अङ्क ५ | २०७१, असार १–१५ | पूर्णाङ्क ५२७ |
| --- | --- | --- |



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एशोसिएशन | - सदस्य |
| अध्यक्ष श्री रामप्रसाद गौडेल, प्रतिनिधि, सर्वोच्च अदालत बार एशोसिएशन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइण्डर श्री यमनारायण भडेल
बुकवाइण्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइण्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ५ |
| पूर्ण इजलास | ३ |
| संयुक्त | १० |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | १० |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | २० |
| इजलास नं. ६ | ५ |
| एकल इजलास | ६ |
| रीत/बेरीत आदेश | १२ |
| अन्तरिम आदेश | १ |
| जम्मा | ९४ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, असार – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र. सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण परमादेश | अधिवक्ता मुकुन्द अधिकारी वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत | |
| २. | उत्प्रेषण परमादेश | अधिवक्ता राजीव बास्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ३. | उत्प्रेषण परमादेश | शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण परमादेश | सञ्जीव केशवा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | उत्प्रेषण परमादेश | हिमेशकृष्ण खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **पूर्ण इजलास** | | | **३-४** |
| ६. | अंश चलन | दानबहादुर श्रेष्ठ वि. कृष्णबहादुर श्रेष्ठ | |
| **संयुक्त इजलास** | | | **४-७** |
| ७. | घरजग्गा खिचोला चलन | आनन्दीदेवी यादवसमेत वि. रामनारायण यादव | |
| ८. | बकसपत्र लिखत दर्ता बदर | खड्गप्रसाद खतिवडा वि. चन्द्रप्रसाद खतिवडासमेत | |
| ९. | परमादेश | श्री शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सप्तरी राजविराज वि. मुनि साह | |
| १०. | नामसारी | हरेराम थापामगर वि. बालकृष्ण तुम्सिङ मगर | |
| ११. | बन्दी प्रत्यक्षीकरण | अक्षता दाहालको हकमा ममता दाहाल वि. महानगरीय प्रहरी वृत्त, बालाजु, काठमाडौंसमेत | |
| १२. | उत्प्रेषण परमादेश | जीतबहादुर खत्री क्षेत्री वि. जिल्ला प्रशासन कार्यालय, कुश्मा पर्वतसमेत | |
| १३. | जालसाजी | खड्गप्रसाद खतिवडा वि. चन्द्रप्रसाद खतिवडासमेत | |
| **इजलास नं. १** | | | **७-८** |
| १४. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता दिमोद श्रेष्ठ वि. गृह मन्त्रालयसमेत | |
| १५. | उत्प्रेषण | साधुराम लामिछानेसमेत वि. उद्योग मन्त्रालयसमेत | |
| **इजलास नं. २** | | | **८-१०** |
| १६. | अंश | सोविराम चौधरी वि. माघुराम चौधरी | |
| १७. | अंशबन्डा जग्गा बन्डा गरिपाऊँ | गोविन्दप्रसाद मजगैया वि. गणेशप्रसाद मजगैया | |
| १८. | बन्दी प्रत्यक्षीकरण | महेश सिंह सोडी वि. नेपाल सरकार | |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बेचु भन्ने परमेश्वर यादवसमेत | |
| २०. | उत्प्रेषण परमादेश | सुशील नाहाटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **इजलास नं. ३** | | | **१०-१३** |
| २१. | उत्प्रेषण परमादेश | कृष्णबहादुर अधिकारी वि. श्री भूमिसुधार कार्यालय, काठमाडौंसमेत | |
| २२. | मोही प्रमाणपत्र पाऊँ | बाबुराम पाण्डे वि. खरपाती केवट | |

| | | |
|---|---|---|
| २३. | फैसला बदर | राजबंशी राउत अहिर वि. पानमतिदेवी दुसाधिनसमेत |
| २४. | जोताहा अस्थायी निस्साको आधारमा ३ नं. अनुसूची पाऊँ | रमेश साह तेली वि. फौदार साह तेली |
| २५. | मोहि नामसारी | पदम पुतुवार वि. गुठी संस्थान शाखा कार्यालय, त्रिपुरेश्वर काठमाडौं |
| २६. | कर्तव्य ज्यान | भगतलाल टुड्डु वि. नेपाल सरकार |
| २७. | उत्प्रेषण परमादेश | भीमलाल लामिछाने वि. कृषि विकास बैङ्क केन्द्रीय कार्यालयसमेत |
| **इजलास नं. ४** | | **१३-१७** |
| २८. | नपुग भन्सार महसूल | नारायणप्रसाद शर्मा वि. श्री गणेशदीप इन्टरप्राइजेज, मखनटोल काठमाडौं |
| २९. | गैंडा मारी खाग बिक्री | रामकृष्ण चौधरी वि. नेपाल सरकार |
| ३०. | उत्प्रेषण परमादेश | सुरज मण्डल वि. गणेशकुमार रायसमेत |
| ३१. | उत्प्रेषण | शिवप्रसाद आचार्य वि. शहरी विकास मन्त्रालयसमेत |
| ३२. | जबर्जस्ती चोरी | नेपाल सरकार वि. जितेन्द्र शाहसमेत |
| ३३. | उत्प्रेषण | विनोदकुमार उपाध्याय वि. सामान्य प्रशासन मन्त्रालयसमेत |
| ३४. | लागु औषध खैरो हिरोइन | नेपाल सरकार वि. राजु लामा |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चुल्हाई चौधरीसमेत |
| ३६. | कर्तव्य ज्यान | कलम वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **१७-२५** |
| ३७. | निषेधाज्ञा परमादेश | भीष्मकुमार थापामगर वि. वीरबहादुर गुरूङसमेत |
| ३८. | निषेधाज्ञा | मनोज मैथिल बाहुन वि. विजयचन्द्र झा मैथिल बाहुन |
| ३९. | निषेधाज्ञा परमादेश | जिल्ला विकास समितिको कार्यालय, सप्तरी वि. पूर्वाञ्चल पोल्ट्री फर्म प्रा.लि. समेत |
| ४०. | निषेधाज्ञा परमादेश | हरिनारायण मण्डल वि. जिल्ला शिक्षा कार्यालय, महोत्तरीसमेत |
| ४१. | निषेधाज्ञा परमादेश | सिलाकुमारी यादव वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत |
| ४२. | परमादेश | नन्दुसिंह धामी वि. मालपोत कार्यालय, दार्चुलासमेत |
| ४३. | निषेधाज्ञा परमादेश | प्रकाश श्रेष्ठ वि. स्थानीय विकास मन्त्रालय, सिंहदरबारसमेत |
| ४४. | निषेधाज्ञा | श्यामकृष्ण श्रेष्ठ वि. श्रवणकुमार शर्मासमेत |
| ४५. | निषेधाज्ञा परमादेश | पूर्णिमा गुरूङ वि. गोर्खा डेभ्लपमेन्ट बैङ्क, पुतलीसडक, काठमाडौंसमेत |
| ४६. | निषेधाज्ञा | नारायणप्रसाद अर्याल वि. देवनारायण भन्ने देउनारायण श्रेष्ठ |
| ४७. | उत्प्रेषण परमादेश | श्रीपती चौधरी वि. हेटौंडा सिमेन्ट उद्योग लिमिटेडसमेत |
| ४८. | उत्प्रेषण | अधिवक्ता टीकाप्रसाद पोखरेल वि. नेपाल विद्युत प्राधिकरण, सुर्खेत शाखासमेत |
| ४९. | निषेधाज्ञा परमादेश | गणेशदत्त पौडेलसमेत वि. श्री सहकारी संस्था लि. जमुनी, बर्दियासमेत |
| ५०. | उत्प्रेषण परमादेश | गङ्गाबहादुर बुढाथोकी वि. कालिका निम्न माध्यमिक विद्यालयसमेत |

| | | |
|---|---|---|
| ५१. | उत्प्रेषण निषेधाज्ञा | सियाराम खटिक वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत |
| ५२. | परमादेश | चन्तराम थारूसमेत वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत |
| ५३. | अंश चलन | किम्बा शेर्पा वि. ओङ्छु शेर्पा |
| ५४. | कर्तव्य ज्यान | रामु नेपाली (दमाई) वि. नेपाल सरकार |
| ५५. | परमादेश | रामलखन कुर्मी वि. शारदा राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापकसमेत |
| **इजलास नं. ६** | | २५-२६ |
| ५६. | माना चामल | गोबर्द्धनलाल नकर्मीसमेत वि. सृष्टिना नकर्मीकी संरक्षिका कमला नकर्मी |
| ५७. | सम्बन्ध विच्छेद | गोबर्द्धनलाल नकर्मीसमेत वि. कमला नकर्मी |
| ५८. | अंश चलन | विनेश्वर सरवरीयासमेत वि. फगुनीकुमारी मण्डलसमेत |
| **एकल इजलास** | | २६-२८ |
| ५९. | उत्प्रेषण | रूपसरी बिष्टसमेत वि. सुकलाल बिष्टसमेत |
| ६०. | उत्प्रेषण | राजकुमार शाह वि. सूर्य नेपाल प्रा.लि. समेत |
| ६१. | उत्प्रेषण परमादेश | राजु राई वि. गृह मन्त्रालयसमेत |
| ६२. | उत्प्रेषण | डम्बरकुमारी सेन ठकुरी वि. जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, रोल्पासमेत |
| ६३. | उत्प्रेषण परमादेश | राममूर्ति यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६४. | उत्प्रेषण | नरबहादुर कार्की वि. महेशबहादुर सिंहसमेत |
| **रीत/बेरीत आदेश** | | २९-३२ |
| ६५. | ठगी | विष्णुप्रसाद उपाध्यायसमेत वि. नेपाल सरकार |
| ६६. | बैंकिङ कसूर | बालनरसिंह घर्तीसमेत वि. नेपाल सरकार |
| ६७. | बैंकिङ कसूर | रूबी जोशी वि. नेपाल सरकार |
| ६८. | भन्सार चोरी पैठारी | खुमराज पुन्जालीसमेत वि. नेपाल सरकारसमेत |
| ६९. | वन्यजन्तु चोरी शिकारी | राममाया वाईबा वि. नेपाल सरकार |
| ७०. | बैंकिङ कसूर | योगेन्द्रप्रसाद श्रेष्ठ वि. नेपाल सरकार |
| ७१. | उत्प्रेषण | भोजराज भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **अन्तरिम आदेश** | | ३२ |
| ७२. | उत्प्रेषण | खुमाप्रसाद अर्याल वि. शिक्षा मन्त्रालयसमेत |

## सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकार वादी
  भाग ७ : फौजदारी कानूनः दुनिया वादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती**, ०७०-WS-००३९, उत्प्रेषण परमादेश, *अधिवक्ता मुकुन्द अधिकारी वि. राष्ट्रपतिको कार्यालय,शीतल निवाससमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६९ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्का अध्यक्षले संविधानसभाको पहिलो बैठक बोलाउने गरी परमादेशको आदेश माग गरेको प्रस्तुत रिट निवेदनमा नेपाल राजपत्र खण्ड ६३, अतिरिक्ताङ्क २७, मिति २०७०।९।२७ मा प्रकाशित व्यवस्थापिका संसद सचिवालयको सूचनामा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीबाट मिति २०७०।१०।८ गते बुधबारका दिन अपरान्ह ३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संविधानसभाको पहिलो बैठकको आव्हान भएको देखिँदा निवेदकले माग दावी गरेअनुसारको कार्य सम्पन्न भइसकेको देखिएकोले यस अदालतबाट निवेदन मागबमोजिम परमादेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २९ गते रोज २ शुभम् ।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, ०६८-WS-००७८, उत्प्रेषण परमादेश, *अधिवक्ता राजीव बास्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

जुन प्रतिष्ठानमा ट्रेड युनियन दर्ता गराउन खोजिएको हो सो प्रतिष्ठानमा रहेको जम्मा कर्मचारी संख्याको २५ प्रतिशत सदस्य संख्या पुर्‍याएमा प्रतिष्ठानस्तरको युनियन दर्ता गर्न सकिने गरी ट्रेड युनियन ऐन, २०४९ को दफा ३ को उपदफा ४ तथा दफा ७ को खण्ड (ख) ले स्पष्ट व्यवस्था गरिसकेपछि संघ संगठन दर्ता गर्न र सञ्चालन गर्न पाउने अधिकार कुण्ठित गरेको भन्न नमिल्ने ।

प्रतिष्ठानमा कार्यरत् कर्मचारी वा कामदारहरूको जम्मा संख्याको २५ प्रतिशत सदस्य संख्या पुर्‍याएका अवस्थामा प्रतिष्ठानस्तरको युनियन दर्ता गर्न सकिने गरी ट्रेड युनियन ऐन, २०४९ को दफा ३ को उपदफा ४ तथा ७ को खण्ड (ख) मा भएको व्यवस्थाले संघ संस्था खोल्ने वा ट्रेड युनियन खोल्ने हकमा कुनै किसिमको बन्देज नगरेको हुँदा ट्रेड युनियन ऐन, २०४९ को दफा ३ को उपदफा ४ तथा ७ को खण्ड (ख) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(घ) र ३०(२) सँग बाझिएको भन्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार १३ गते रोज ५ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, ०६८-WS-००८४, उत्प्रेषण परमादेश, *हिमेशकृष्ण खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अदालती बन्दोवस्तको २०८ नं. को व्यवस्थाबाट आरोपित व्यक्तिलाई प्रतिवाद गर्न आफ्नो हकमा प्रमाण प्रस्तुत गर्नबाट

रोकिएको नभै उक्त व्यवस्थाले प्रतिवाद नगर्ने पक्षहरूका सन्दर्भमा मात्र पुनरावेदन नलाग्ने भनी व्यवस्था गरेको देखिएको छ । प्रतिवाद नगर्ने पक्षको सन्दर्भमा समेत न्यायिक निष्कर्षमा पुग्नपर्ने अवस्थामा वादी पक्षबाट प्रस्तुत भएका प्रमाणहरू एवम् मुद्दाको निर्णय गर्नुपर्ने विषयको सम्बन्धमा बुझ्नुपर्ने प्रमाणको मूल्याङ्कन एवम् परीक्षण गर्नुपर्ने नै हुन्छ तर स्वेच्छाले प्रतिवाद नै नगरी बस्ने पक्षको सम्बन्धमा निजको नाउँमा जारी भएको समाव्हान इतलायनामा रीतपूर्वकको भए नभएको हेरी न्याय निरूपण गर्नुपर्ने भए पनि जुन पक्षले स्वेच्छाले प्रतिवाद नगरी बसेको छ त्यस्तो पक्षलाई पुनरावेदन गर्ने अवसर प्रदान गर्नैपर्ने कुरालाई कार्यविधिगत न्यायिक प्रक्रियाको दृष्टिले समुचित मान्न नसकिने ।

अदालती बन्दोवस्तको २०८ नं. अनुसार पुनरावेदन नलाग्ने व्यवस्था स्वेच्छाले प्रतिवाद नगर्ने पक्षहरूको सम्बन्धमा भएको र त्यसबाट मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझ्नुपर्ने भन्ने नभै सम्बन्धित प्रमाणहरूको मूल्याङ्कनबाट न्याय निरूपण गर्नुपर्ने कुरामा एवम् स्वच्छ सुनुवाइ हुनुपर्ने कुरामा समेत बाधा पुगेको नदेखिनाले कार्यविधिगत कानूनलाई व्यवस्थित गर्न भएको उक्त व्यवस्थालाई बदर गर्नपर्ने भनी परेको निवेदन दावीअनुसार उत्प्रेषण आदेशसहितको रिट जारी गरिरहन परेन । निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार १३ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WS-००१९, उत्प्रेषण परमादेश, *शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

पेसा तथा रोजगारीको स्वतन्त्रता संविधानप्रदत्त मौलिक हक एवम् कानूनद्वारा व्यवस्थित कानूनी हक भएकोमा आम नागरिकको हितअनुकूल बनाउन वा व्यवसायसँग सिधै सम्बन्ध रहेको विषयमा नियमन गर्न बाहेक अन्य कुनै संस्थाको सदस्यतासँग जोडेर पेसासँग स्वतन्त्रतालाई हस्तक्षेप गर्न नमिल्ने ।

पेसागत संगठनको रूपमा संस्थापित उक्त नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता लिने वा नलिने भन्ने कुरा सम्बन्धित व्यवसायीको स्वेच्छिक अधिकार हो । अनुसूचीको व्यवस्था हेरफेर गर्नसक्ने अधिकारको नाममा निर्माण व्यवसायी महासंघको सदस्यता बाध्यात्मक हुने शर्त थप गरी निर्माण व्यवसायी इजाजतपत्र नवीकरण नगर्ने प्रायोजन गर्नु कानूनसम्मत् मान्न नसकिने ।

नेपाल राजपत्र खण्ड ६२, संख्या ६, भाग ५ मिति २०६९।२।८ मा नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचनामा नेपाल सरकारले निर्माण व्यवसाय नियमावली, २०५६ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची—५, खण्ड ५ को सट्टा खण्ड ५(क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. र (ख) नवीकरण मिति भन्ने राखी हेरफेर गरेको सूचना नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) सँग बाझिएको हुँदा उक्त सूचना प्रारम्भदेखि नै उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै निवेदक शिवचन्द्र पौडेलको निर्माण व्यवसायसम्बन्धी इजाजतपत्र नवीकरणका लागि प्रचलित कानूनबमोजिम पूरा गर्नुपर्ने अन्य प्रक्रिया पूरा गरेको भए निर्माण व्यवसाय इजाजतपत्र नवीकरण रोक्का भएको मितिदेखि नै लागू हुने गरी

नवीकरण गरिदिनु भनी विपक्षी जिल्ला विकास समिति तनहुँका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WS-००२२, उत्प्रेषण परमादेशसमेत, *सूर्य नेपाल प्रा. लि.को तर्फबाट अधिकारप्राप्त ऐ.का महाप्रबन्ध सञ्चालक सञ्जीव केशवा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ मा उल्लिखित अधिकांश कानूनी व्यवस्था सार्वजनिक स्वास्थ्यको पक्षमा गरिएको देखिएको र त्यसको कार्यान्वयनबाट उद्योगहरू वा उत्पादकहरूमा केही प्राविधिक प्रक्रियात्मक र जनस्वास्थ्यका सरोकारजन्य मापदण्डहरूले गर्दा कतिपय प्रतिकूल व्यवहारिक कठिनाई आउने कुराको निवेदकले जिकीर लिएपनि न्यायिक पुनरालोकनमार्फत् असंवैधानिकताको प्रश्न बाहेक अन्य औचित्यको प्रश्नमा प्रवेश गरी हेर्न मिल्नेसमेत नदेखिने ।

समाजको पछौटेपन, स्वास्थ्यप्रतिको सचेतनाको अभाव तथा युवा पुस्ताबीच सुर्तीजन्य पदार्थ सेवनको बढ्दो आकाङ्क्षाका कारण यस्ता वस्तुहरूको प्रयोग र उपभोगसमेत दिनानुदिन बढ्दै छ । सुर्तिजन्य पदार्थको उपयोगमा कमी, स्वास्थ्यप्रतिको सचेतना, सुर्तिजन्य पदार्थको सेवनबाट परेको असरका बारेमा स्थानीयस्तरमा सचेतनाका पक्ष कमजोर छन् । यस्तो दिनानुदिन बढ्दो समस्यालाई सम्बोधन गर्नु राज्यको अहम् दायित्व हुन आउँछ ।यो उदासीनतालाई बोकेर बस्नु राज्यको निरीहता हो भने सर्वसाधारणको स्वास्थ्य हितलाई ध्यानमा राखी लागू गरिएको उल्लिखित ऐनको कार्यान्वयन रोक्न चुनौती दिनु आफैंमा उदेकलाग्दो र हास्यास्पद हुने ।

सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १(२), ७(१)(क) ८(१), ९(१), ११(१)(३), १७(५)(ख) नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्मा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका, २०६८ एवम् सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ३(२)(ग) र ३(४), ५, ६(क), ७, ८(१)(क) र (ख), ९, ११(१)(ख), १३, १५(च), १८ र १९(२) निवेदकहरूको जिकीरबमोजिम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३, १९ र २४(९) सँग बाझिएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला/विष्णुप्रसाद गौतम

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल पुस १४ गते रोज १ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-NF-०००६, अंश चलन, *दानबहादुर श्रेष्ठ वि. कृष्णबहादुर श्रेष्ठ*

पुनरावेदक प्रतिवादी कृष्णबहादुर श्रेष्ठ विरूद्ध दानबहादुर श्रेष्ठ भएको २०६० सालको दे.पु.नं. १०२२/१९६८ को लिखत दर्ता बदर मुद्दामा पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदकले पेश गरेको पुनरावेदनपत्रको

प्रकरण नं. ३(क) मा कि.नं. १३८१ को क्षेत्रफल ०-६-० जग्गा दानबहादुरलाई दिई बाँकी कि.नं. १३८० को क्षेत्रफल ०-१२-० जग्गा निज कृष्णबहादुर र आशामरूका नाउँमा बाँकी रहेको भनी पुनरावेदकले स्वीकारेको देखिन्छ । उल्लिखित तथ्यहरूबाट किनं १३८१ को क्षेत्रफल ०-६-० जग्गा दानबहादुरको भागमा परेको भनी अंशियारमध्येका एक मूल अंशियारले पटकपटक उक्त तथ्यलाई स्वीकार गरेको कुरालाई यस अदालतले अनदेखा गर्न नमिल्ने ।

मूल अंशियारले कि.नं. १३८१ को क्षेत्रफल ०-६-० जग्गा दानबहादुरको भागमा परेको भनी विभिन्न लिखत दर्ता बदर मुद्दामा लिखितरूपमा व्यक्त गरेको र कि.नं. १३८१ को क्षेत्रफल ०-६-० जग्गा दानबहादुर श्रेष्ठको हुने ठहरी लिखत बदर मुद्दाहरूसमेत अन्तिम भएर बसेको अवस्थामा हाल आएर यस अदालतले अन्य अंशियारमा बन्डा लाग्ने भनी अन्यथा व्याख्या र अर्थ गर्न मिल्ने अवस्था देखिँदैन । अंश जस्तो कुरामा व्यक्तिको नैंसर्गिक अधिकार हुने हुँदा र साविक कि.नं. ६५ को ज.वि. १-२-० जग्गामा यी प्रतिवादी दानबहादुर श्रेष्ठको ३ भागमा १ भाग अंश भाग पाउने देखिएको हुँदा उक्त जग्गाबाट निजको भाग पाएको नदेखिँदा लिखत बदर मुद्दाको अन्तिम फैसला र मुद्दाका पक्ष कृष्णबहादुर श्रेष्ठ स्वयंले स्वीकार गरेबमोजिम कि.नं. १३८१ को क्षेत्रफल ०-६-० जग्गा दानबहादुर श्रेष्ठको एकलौटी कायम हुने र अन्य अंशियारमा बन्डा नलाग्ने ठहर्छ । सो नगरेको हदसम्म यस अदालत संयुक्त इजलासबाट मिति २०६७।१२।२१।२ मा गरेको फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल चैत १३ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-NF-०००५, अंश चलन, *दानबहादुर श्रेष्ठ र कृष्णहरि श्रेष्ठ*
- ०६९-NF-०००७, अंश चलन, *दानबहादुर श्रेष्ठ र कृष्णबहादुर श्रेष्ठसमेत*

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CI-०२१९, घरजग्गा खिचोला चलन, *आनन्दीदेवी यादवसमेत वि. रामनारायण यादव*

फैसलाबमोजिम चलन गर्न नदिएमा वा चलन पाउने जग्गा वा वस्तु नछाडेमा मात्र दण्ड सजायको महलको ४३ नं. को देहाय १ देखि ६ सम्मका प्रक्रिया अवलम्बन गर्नुपर्ने हो तर प्रस्तुत विवादमा मिति २०५४।१२।३ को फैसलाले जितिपाएको जग्गा यी वादीको भोगमा आई तत्कालीन अवस्थामा चलनतर्फ जानु नपर्ने नभई निर्विवाद भोगमा रहेको स्थितिमा तत्कालीन अवस्थामा चलनतर्फ निवेदन नगरेको भन्ने सो आधारबाट मात्र पछिबाट पुनः खिचोला भएको कुरामा दावी नै गर्न नपाइने भन्न मिलेन । यसरी तत्कालीन अवस्थामा फैसलाले जितिपाएको जग्गा भोगमा आइसकेकोमा पछिबाट भोग गर्न नदिई पुनः खिचोला गरेको अवस्थामा पुनः खिचोलातर्फ दावी गर्न पहिला भएको फैसलाको मितिबाट हदम्याद लाग्ने भनी अर्थ र व्याख्या गर्न नमिल्ने हुँदा मिति २०५४।१२।३ को फैसलाबमोजिम वादीको अपुताली हक कायम भई स्थापित भइसकेको विवादित कि.नं. २०९ मा दावी गर्न हकदैया तथा हदम्याद नरहेको भन्न नमिल्ने हुँदा वादी दावी खारेज हुने ठहर गरेको सुरू रौतहट जिल्ला अदालतको मिति

२०६४।२।२९ को फैसला उल्टी गरी वादी दावीबमोजिम विवादित कि.नं. २०९ को घर जग्गामा प्रतिवादीहरूले गरेको खिचोला छोडाई चलन पाउने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।९।२२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल चैत ९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६६-CI-०२२०, लिखत बदर, *गेनियादेवी यादवसमेत वि. रामनारायण राय यादव*

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६५-CI-०३८२, बकसपत्र लिखत दर्ता बदर, *खड्गप्रसाद खतिवडा वि. चन्द्रप्रसाद खतिवडासमेत*

विवादित कि.नं. ९७५ को जग्गा प्रतिवादी चन्द्रप्रसाद खतिवडाले आफूखुश गर्न पाउने सम्पत्ति भई वादीको मञ्जूरी लिइरहनु पर्ने अवस्था नहुँदा कि.नं. ९७५ को ज.वि. ०-१-० मध्ये ०-०-७$^{1}/_{2}$ जग्गा र.नं. ११६९८ बाट मिति २०५९।२।२० मा प्रतिवादी चन्द्रप्रसाद खतिवडाले आफ्नी नातिनी निशा खतिवडालाई पारीत गरिदिएको हालैको बकसपत्र लिखत बदर हुन नसक्ने हुँदा सुरू मोरङ जिल्ला अदालतको मिति २०६२।३।३० को फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६५।३।२५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल चैत ९ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६५-CI-०३८३, बकसपत्र लिखत दर्ता बदर, *खड्गप्रसाद खतिवडा वि. चन्द्रप्रसाद खतिवडासमेत*
- ०६८-CI-०७९८, जालसाजी, *खड्गप्रसाद खतिवडा वि. चन्द्रप्रसाद खतिवडासमेत*

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CI-०६२४, ०७६१, परमादेश, *श्री शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, ससरी राजविराज वि. मुनि साह, लहान नगर विकास समितिको तर्फबाट नगर विकास समितिको सदस्य सचिव सबुलाल चौधरी वि. जग्गा एकीकरण आयोजना उपभोक्ता समितिको अध्यक्ष ऐ. लहान नगरपालिका वडा नं. ५ बस्ने मुनी साह*

निवेदक जग्गाधनीहरूले आयोजनाबाट पेश्कीस्वरूप लिएको रकम फिर्ता बुझाएपछि मात्र जग्गा फुकुवा हुने वा आयोजनाले योजना कार्यान्वयन गरी निवेदक जग्गाधनीहरूबाट लिनुपर्ने थप रकम लिई विकसित जग्गा वितरण गर्नेसम्बन्धी कानूनी व्यवस्थाको विचार नगरी केवल मागबमोजिम जग्गा फुकुवा गरिदिने भनी जारी गरेको परमादेशको आदेश नमिलेको हुँदा उल्टी भई बदर हुने ।

रोक्का राखिएको जग्गाहरूमा कानूनी प्रक्रियाबमोजिम जग्गा एकीकरण गरी विकसित जग्गा उपभोक्ता जग्गाधनीहरूलाई वितरण गर्न तुरून्त लाहान जग्गा एकीकरण आयोजना कार्यान्वयन गर्नू, सो गर्न नसके जग्गा एकीकरण आयोजनाबाट रोक्का राखिएका जग्गाको जग्गाधनीहरूलाई जग्गाको बैनास्वरूप दिएको पेश्की रकम सम्बन्धित जग्गाधनीहरूबाट नियमानुसार फिर्ता लिई जग्गा फुकुवा गरी दिनेतर्फ तीन महिनाभित्र निर्णय गर्नु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेशसहितको परमादेश

जारी हुने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CI-०७४६, नामसारी, *हरेराम थापामगर वि. बालकृष्ण तुम्सिङ मगर*

विवादको जग्गामा हक बेहकको सम्बन्धमा सम्बन्धित अदालतमा जानु भनी वादी र प्रतिवादीलाई मालपोत कार्यालयबाट नसुनाएको र उक्त कार्यालयमा हक बेहकका सम्बन्धमा सुनाइदिनु भनी पठाउँदा अनावश्यक बढी समय लाग्न गई न्यायमा ढिलाई हुने हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को खण्ड (ख) मा पुनरावेदन सुन्ने र साधक जाँच्ने यस अदालतलाई तल्लो अदालत निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने अधिकार रहे भएको परिप्रेक्ष्यमा हक बेहकमा जानु भनी यसै अदालतबाट सुनाउन कुनै बाधा पर्ने नदेखिँदा प्रस्तुत मुद्दाका पक्षहरूलाई सम्बन्धित जिल्ला अदालतमा हक बेहकमा फिराद गर्न जानु भनी यसै फैसलाद्वारा सुनाइदिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम्।

५

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-WH-००४४, बन्दीप्रत्यक्षीकरण, *अक्षता दाहालको हकमा ममता दाहाल वि. महनगरीय प्रहरी वृत्त, बालाजु, काठमाडौंसमेत*

अनुसन्धानको सिलसिलामा पक्राउ परेका कुनै व्यक्ति उक्त आरोपित कसूरमा दोषी वा संलग्न रहेको नदेखिए मुद्दा चलाउने अधिकारीले त्यस्तो व्यक्तिलाई मुद्दा नचलाउने गरी आदेश गर्न र अनुसन्धानको क्रममा पक्राउ नपरेका तर अनुसन्धानबाट दोषी हो भन्ने मनासिब आधार भएमा त्यस्ता व्यक्तिउपर अभियोग लगाउन निर्णय गर्नसक्ने गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७(२) ले निर्णयाधिकारीलाई अधिकार प्रत्यायोजन गरेको हुँदा मौकामा कागज गरेको व्यक्तिलाई अभियोग लगाइनु नै हुँदैन भन्ने जिकीर कानूनसम्मत् देखिन नआउने ।

विचाराधीन रहेको मुद्दामा पछि प्रमाण बुझ्दै जाँदा निवेदिका विरूद्ध लगाइएको आरोप सिद्ध हुन नसक्ने अवस्थामा भएमा विचाराधीन रहेको मुद्दामा निर्णय हुँदा आरोपित कसूरबाट सफाइ पाउन सक्ने नै हुँदा कानूनबमोजिम थुनामा राखिएको कार्यलाई गैरकानूनी थुना भन्न नमिल्ने भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दिपक ढकाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल चैत १३ गते रोज ५ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-WO-१०६१, उत्प्रेषण परमादेश, *जीतबहादुर खत्री क्षेत्री वि. जिल्ला प्रशासन कार्यालय, कुश्मा पर्वतसमेत*

अदालतमा विचाराधीन नातामा विवाद रहेको अंश मुद्दामा फैसला हुनुपूर्व पत्नी नाताको दावी गरी जिल्ला प्रशासन कार्यालयमा दिइएको निवेदनका आधारमा जिल्ला प्रशासन कार्यालयबाट पेन्सन रोक्का राख्ने गरी भएको पत्राचारलाई निरन्तरता दिँदा कानूनबमोजिम मुद्दा हेर्ने अदालतको अधिकारक्षेत्रमा हस्तक्षेप हुनजाने

हुन्छ । अंश मुद्दामा हुने फैसलाबाट कृष्णकुमारी जीतबहादुरकी पत्नी नाताको पुष्टि हुन आएमा निजले कानूनबमोजिम पाउने अंश जीतबहादुरबाट लिन पाउने नै हुँदा जीतबहादुर खत्रीले भारतीय पेन्सन वितरण कार्यालय, पोखराबाट पाउने पेन्सन रोक्का गरिदिने भनी जिल्ला प्रशासन कार्यालय, पर्वतबाट भारतीय राजदूतावास, पेन्सन वितरण कार्यालय, पोखरालाई लेखेको च.नं. ७१४ मिति २०६६।९।१७ को पत्र कानूनसम्मत् नहुँदा अंश मुद्दामा पेश भएको प्रमाणमा असर नपर्ने गरी उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

७

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CR-०७९९, जालसाजी, *खड्गप्रसाद खतिवडा वि. चन्द्रप्रसाद खतिवडासमेत*

कसैको हक जाने तरिकाले कुनै काम भए गरेमा सो क्रिया जालसाजी हुने हो । तर यी वादीका बाबु चन्द्रप्रसादले आफ्नो पालामा आफैंले आर्जन गरी एकलौटी हक हुन आएको अंशबन्डाको १८ नं. ले बन्डा गर्न कर नलाग्ने र सोही महलको १९(२) नं. ले आफ्नो पालामा आर्जित सम्पत्ति आफूखुश गर्न पाउने भई त्यस्तो सम्पत्ति कुनैं व्यहोराबाट अरूलाई हक हस्तान्तरण गर्दा अंशियारको मञ्जूरी लिइरहनु नपर्ने हुँदा चन्द्रप्रसाद खतिवडाले आफ्नो नातिनी निशा खतिवडालाई पारीत गरिदिएको मिति २०५९।२।२० को र.नं. ११६९८ का हालैदेखिको बकसपत्र लिखतलाई जालसाजी घोषित गरिपाऊँ भनी लिएको दावी कानूनी आधारबिनाको देखिन्छ । यस्तो ठोस कानूनी आधार कारणबिना गरिएको प्रतिवादीहरूउपरको जालसाजीतर्फको दावी मनासिब नदेखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दिपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल चैत ९ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-WH-००४०, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता दिमोद श्रेष्ठ वि. गृह मन्त्रलायसमेत*

कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाईंदैन । वैयक्तिक स्वतन्त्रताले कानूनी औचित्यता पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनीरूपमा शक्तिको प्रयोग गर्नबाट सुरक्षित राख्दछ । कसैले कसैलाई निजको वैयक्तिक स्वतन्त्रता सीमित गरेमा वा त्यस्तो स्वतन्त्रताको प्रयोग गर्नबाट बञ्चित गरेमा वा कुनै पनि व्यक्तिलाई गैरकानूनीरूपमा बद्नियत वा प्रवृत्त भावना लिई निजको वैयक्तिक स्वतन्त्रताको अपहरण गरेमा गैरकानूनी बन्दीको अवस्था सिर्जना हुन जान्छ । कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रता हनन् गर्न पाईंदैन । व्यक्तिको यस्तो सारभूत अधिकारबाट बञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने हुन्छ । यदि कुनै व्यक्तिलाई गैरकानूनीरूपमा वा कानूनको उचित प्रयोगबिना वैयक्तिक स्वतन्त्रताको उपयोग गर्नबाट बञ्चित गर्ने गरी नियन्त्रणमा राखिएको छ भने त्यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिदिन पर्ने ।

यी निवेदकले विभिन्न मुद्दामा निजलाई

लागेको कैद सजाय भुक्तान गरिसकेको भन्ने प्रत्यर्थीहरूको कथन छ तर निजका विरूद्ध जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा पुनः दायर भएको सार्वजनिक अपराध मुद्दामा निजले रू. १०,०००।- (दश हजार) धरौटी दिई मिति २०७०।१०।७ को आदेशले तारिखमा छुटिसकेको भन्ने जिल्ला प्रशासन कार्यालय, रूपन्देहीको च.नं. ६१५६ मिति २०७०।१०।२८ को पत्र सरकारी वकीलमार्फत् इजलाससमक्ष पेश भएकोले निज निवेदक थुनामुक्त भइसकेको देखिँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था, कारण र औचित्य हाल विद्यमान नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल माघ २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१०३२, उत्प्रेषण, *साधुराम लामिछानेसमेत वि. उद्योग मन्त्रालयसमेत*

पहिले दायर भएको रिट निवेदन खारेज भइसकेपश्चात् पुनः प्रस्तुत रिट निवेदन लिई अदालतमा आउनुपर्ने कानूनबमोजिमको आधार र कारण यी निवेदकहरूले खुलाउन सकेको पनि पाइएन । पटकपटक एउटै विषयवस्तु र उही विपक्षीहरूउपर प्रस्तुत रिट निवेदन दायर गर्दा अघिल्लो रिट निवेदन दायर गरी त्यसमा भए गरेका कामकारवाही र निर्णयसमेत निवेदकहरूले खुलाएको नपाइएबाट निवेदकहरू सफा हात लिई अदालतमा प्रवेश गरेको भनी मान्न सकिने अवस्था पनि देखिएन । यसरी सफा हात लिई अदालतमा प्रवेश नगर्ने पक्षलाई अदालतले सहयोग गर्नसक्ने अवस्था नरहने हुँदा संवत् २०६७ सालको रिट नं. ०८७१ मा भएको निर्णय (आदेश) र सो आदेश गर्दा लिएका आधार प्रमाणहरूसमेतबाट उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्नेसमेत प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०६७-WO-१०३३, उत्प्रेषण, *मेघनाथ लामिछानेसमेत वि. उद्योग मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CI-११८०, अंश, *सोविराम चौधरी वि. माधुराम चौधरी*

रिसमान चौधरीका तीन अंशियारमध्ये जेठो छोरा विष्णु चौधरीले सम्म आफ्नो हक चाहिँदैन भनी एवम् कानूनीरूपमा बन्डा भएको छैन भनी बयानसमेत गरेको देखिँदा यी वादी प्रतिवादीका बीच रीतपूर्वक बन्डा भएको मान्न मिलेन । तसर्थ प्रतिवादी माधुराम चौधरी जिम्मा रहेको ०-९-१५ जग्गा २ भाग लागी यी पुनरावेदक वादीले सो ०-९-१५ जग्गाबाट १ भाग अर्थात् ०-४-१५१/२ जग्गा अंश हक प्राप्त गर्नसक्ने नै हुँदा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट दावीको पूरै ०-९-१५ जग्गा वादीले प्रतिवादीबाट अंशबापत पाउने ठहरी भएको फैसलालाई केही उल्टी गरी ०-९-१५ मध्ये यी वादीले ०-४-१५१/२ जग्गा अंशबापत पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६७।३।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-CI-०१०४, अबन्डा जग्गा बन्डा गरिपाऊँ, *गोविन्दप्रसाद मजगैया वि. गणेशप्रसाद मजगैया*

फैसलाबाट आफ्नो हक स्थापित गराएका प्रत्यर्थी वादीले दावीको अबन्डा जग्गा बन्डा गरी आफ्नो भाग जग्गा लिन पाउने नै हुँदा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट फिराद खारेज गर्ने गरी भएको फैसलालाई बदर गरी ४ भागको १ भाग अबन्डा जग्गाबाट वादीले बन्डा गरी लिन पाउने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुर दाङबाट मिति २०६७।९।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WH-००३५, बन्दीप्रत्यक्षीकरण, *भगत सिंह भनिने अर्जुन सिंह सिखको हकमा महेश सिंह सोडी वि. नेपाल सरकारसमेत*

कर्तव्य ज्यान मुद्दामा यी निवेदकलाई कानूनबमोजिम म्याद थपको अनुमति लिई थुनामा राखिएको, अनुसन्धानपश्चात् अभियोगपत्र बाँके जिल्ला अदालतमा पेश भई बाँके जिल्ला अदालतबाट निज निवेदकलाई सो मुद्दामा पुर्पक्षका निमित्त मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८(२) नं. बमोजिम थुनामा राख्ने आदेश भएको देखिँदा सो थुनामा राखिएको कार्यलाई कानूनविपरीत थुनामा राखेको भन्न नमिल्ने हुँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७० साल पुस ३० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०६७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बेचु भन्ने परमेश्वर यादवसमेत*

प्रतिवादीले प्लाष्टिकको डोरीले घाँटीमा बेरी शास अवरूद्ध हुने गरी घाँटी कस्छ भने त्यो मार्नलाई नै प्रयोग गरिने कार्य हो । मार्नलाई गरिएका कार्य रिस झोकमा गरिएका कार्य होइन र मर्छ भन्ने जानीजानी वा सो नियतले डोरी खोजी मृतकको घाँटी कसी सोही परिणामबाटै मृत्यु भएकोमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुन नसक्ने ।

पटकपटकको कुटपीटपश्चात् मृतकको घाँटी कसी कर्तव्य गर्ने प्रतिवादी परमेश्वर यादव र सो कार्यमा सहयोग गर्ने अन्य प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने पुनरावेदन जिकीरतर्फ हेर्दा प्रतिवादी परमेश्वर यादवले आफूले कुटपीट गरी प्लाष्टिकको डोरीले घाँटी कसी मृतकको मृत्यु भएको भनी बयान गरेको, अन्य तथ्यगत प्रमाणबाट निजकै कर्तव्यबाट मृतकको मृत्यु भएको माथि विवेचित तथ्यबाट पुष्टि भै निजले मनसायपूर्वक नै हत्या गरेकोले निज प्रतिवादी परमेश्वर यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १, १३(३) नं. को कसूरमा सोही १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादीहरू अवधि यादव, रामदिहल यादव, सकलदेव यादव, लुखिया भन्ने रामनारायण यादव, महेश्वर यादव, बद्री यादवको हकमा विचार गर्दा मुख्य प्रतिवादी परमेश्वर यादवले आफ्नी श्रीमती मीनादेवी यादवलाई आफूमात्र भई कर्तव्य गरी मारेको भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साबित छन् । मृतकलाई घाँटी कसी मारीसकेपश्चात् प्रतिवादी परमेश्वरले सो कुरा

आफ्नो बाबु प्रतिवादी अवधि यादव एवम् अन्य प्रतिवादीहरूलाई जानकारी गराएपश्चात् अन्य प्रतिवादीहरूले सो थाहा पाएपछि मृतकलाई औषधि गर्न लग्ने बहाना गरी मृतकको लास जाँच नगरी दानर नदीमा लगी सद्गत गर्ने सल्लाह गरी सो लास दानर नदीमा लगी चिता बनाई सद्गत गर्ने क्रममा प्रहरीद्वारा सो लास बरामद भएको देखिँदा प्रतिवादीहरू अवधि यादव, रामदिहल यादव, सकलदेव यादव, लुखिया भन्ने रामनारायण यादव, बद्री यादव, महेश्वर यादवलाई ऐ.२५ नं. बमोजिम जनही रू. २०।- जरीवाना हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल फागुन १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०००९, उत्प्रेषण, प्रतिषेध, परमादेश, *सुशील नाहाटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले पशुपति क्षेत्र विकास कोषको हितविपरीत हुने गरी कार्य गरेको पुष्टि भएको अवस्थामा निजलाई सोही ऐनबमोजिम नै कारवाही गर्नुपर्ने हुन्छ । यसरी पशुपतिक्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षद्वारा सोही कोषका सदस्य सचिवलाई निजले गरेको कामकारवाहीका सम्बन्धमा सोधिएको स्पष्टीकरण कानूनविपरीत छ भन्ने निवेदकको निवेदन जिकीरअनुसारको आदेश जारी हुने अवस्था नदेखिएको र यी निवेदक पशुपतिक्षेत्र विकास कोषको सदस्य सचिवमा मिति २०६६।३।१६मा चार वर्षको लागि मनोनीत भई निजको पदावधि नै समाप्त भैसकेकोले रिट जारी गर्नु निरर्थक हुने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-WO-००५३, उत्प्रेषण परमादेश, *सुशील नाहाटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-०४४०, उत्प्रेषण परमादेश, *सरोजकुमार सिंह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*
- ०६८-WO-०४४६, उत्प्रेषण परमादेश, *मोतीराम जैसी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-११६१, उत्प्रेषण परमादेश, *परमेशकुमार साह वि. राष्ट्रिय सहकारी विकास बोर्ड पुल्चोकसमेत*
- ०६९-WO-०४३०, उत्प्रेषणलगायत उययुक्त आज्ञा आदेश जारी गरिपाऊँ, *विनोदकुरमार गुप्ता वि. सहकारी तथा गरीबी निवारण मन्त्रालयसमेत*

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७-wo-०६४३, उत्प्रेषण परमादेश, *कृष्णबहादुर अधिकारी वि. श्री भूमिसुधार कार्यालय, काठमाडौंसमेत*

भूमिसुधार कार्यालय, काठमाडौंबाट मिति २०६७।९।२५ मा उक्त कार्यालयको मिति २०६६।२।२२ को निर्णय बदर नहुने भनी गरेको निर्णयउपर निवेदकले कुनै किसिमको पुनरावेदन गरेको देखिँदैन । निवेदकले प्रचलित कानूनबमोजिम पुनरावेदनको उपचारको मार्ग हुँदाहुँदै सोको अवलम्बन नगरी रिट क्षेत्राधिकारको बाटो ग्रहण गरी प्रस्तुत रिट निवेदनको माध्यमबाट उक्त निर्णय बदर गर्न आएको

देखिनाले र भूमिसुधारको मिति २०६६।२।२२ को निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) मा भएको कानूनी व्यवस्थाबमोजिम नै भए गरेको र कानूनसम्मत्कै देखिएको समेतले उक्त निर्णयबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारमा आघात परेको भन्न नमिल्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पौडेल

इति संवत् २०७० साल माघ २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-०४९३, मोहियानी जग्गा नामसारी गरी मोही प्रमाणपत्र पाऊँ, *बाबुराम पाण्डे वि. खरपाती केवट*

ऐन लागू हुँदाका बखतमै ऐनमा उल्लिखित निश्चित कानूनी प्रक्रिया पूरा गरी ४ नं. जोताहाको अस्थायी निस्सा प्राप्त गरिसकेको तथा नापी कार्यालयमा रहेको फिल्डबुकलगायतका सरकारी कार्यालयमा रहेका अभिलेख कागजातहरूबाट समेत यी फिरादीका पतिलाई नै मोही हक सिर्जित भैरहेको देखिएको अवस्थामा पछि मुद्दा परेपछि तयार भएको २०६७ सालको सर्जमिन मुचुल्काबाट जग्गाधनी आफैंले खेती गरेको भनी भै आएको सर्जमिन मुचुल्का विश्वासलायक देखिन आएन । सरकारी कार्यालयमा रहेका पचासौं वर्ष पुराना अध्यावधिक अभिलेखलाई नमानी मुद्दा परेपछि तयार भएको कुनै एक कागजलाई मात्र आधार मानी प्रत्यर्थी वादीको मोही हक समाप्त हुन्छ भनी मान्नु न्यायसङ्गत् नहुने ।

भूमिसुधार लागू हुँदाकै बखतमा तयार भएको ४ नं. अस्थायी जोताहा निस्सा, २०२४ सालमा तयार भएको फिल्डबुक तथा संवत् २०२२ सालदेखि जोतकोड गर्दै आएको र निजको एकलौटी हक खाने पत्नी खरपाती केवट हुन् भनी गाविसले गरिदिएको सिफारिशसमेतका आधार प्रमाणहरूबाट सुरू भूमिसुधार कार्यालयको फैसला उल्टी गरी निवेदन दावीबमोजिम कि.नं. १०० को ज.वि. ०-९-० जग्गामा वादी खरपाती केवटका नाउँमा मोही नामसारी हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।९।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल मङ्सिर ७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०७२५, फैसला बदर (मरूवा मोही लगत कट्टा), *राजबंशी राउत अहिर वि. पानमतिदेवी दुसाधिनसमेत*

पुनरावेदक एवम् प्रतिवादीहरूबीच भूमिसुधार कार्यालय, पर्सामा मिति २०६९।६।२४ मा मिलापत्र भै पुनरावेदक एवम् प्रत्यर्थीहरूबीच विवादको समाधान भैसकेको मिसल संलग्न सम्बन्धित कागजातबाट देखिएको साथै निजहरूबीचमा भएका मिलापत्रअनुसार मोहीका नाममा पश्चिमतर्फबाट जग्गा दाखिल खारेजसमेत भैसकेको जानकारी भूमिसुधार कार्यालय, पर्साको च.नं. १७०५ मिति २०७०।२।३१ को मिसिल संलग्न पत्रबाट देखिएबाट समेत प्रस्तुत पुनरावेदन जिकीर सम्बन्धमा केही गरिरहनुपर्ने औचित्यपूर्ण नदेखिँदा पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६७।५।२७ को फैसला सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७० साल मङ्सिर ७ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको ०६७-CI-०७२६, फैसला बदर (मोही नामसारी), *राजबंशी राउत अहिर वि. पानमतिदेवी दुसाधिनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७६३, ४ नं. जोताहा अस्थायी निस्साको आधारमा ३ नं. अनुसूची पाऊँ, *रमेश साह तेली वि. फौदार साह तेली*

अदालतका विभिन्न फैसला नजीरमा समेत नापी हुँदा मोही लेखाए नलेखाए पनि त्यसको आधारमा मोहियानी हक कायम हुने वा नहुने भनी भन्न नमिल्ने सिद्धान्त प्रतिपादन भएबाट यी वादीले नापी हुँदाका बखतमा फिल्डबुकमा मोही लेखाउन छुटेको आधारमा मात्र मोही होइन भनी मान्न मिलेन । नापी हुँदाका बखत खुलाउन नसकेको अवस्था रहे पनि अन्य प्रमाणबाट मोही भएको देखिन आएका अवस्थामा नापीमा लेखाउन छुटेकै आधारमा मात्र मोही होइनन् भनी भन्न सकिने अवस्था नरहने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल मङ्सिर ७ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६८-CI-०७६४, मोही बेदखली, *रमेश साह तेली वि. फौदार साह तेली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-०९५९, मोही नामसारी, *पदम पुतुवार वि. गुठी संस्थान शाखा कार्यालय, त्रिपुरेश्वर काठमाडौं*

पुनरावेदकले दावी लिएको जग्गा पशुपतिनाथ गुठीको हो फूल चढाई जोती खाएको छु भनी यी वादीका पिता दुखिराम पुतुवारले लेखाएको अवस्था, उक्त जग्गामा यी वादीका पिताले पशुपतिनाथमा फूल चढाई जोती खाने शर्तमा कमाई उपभोग गरेको देखिन्छ । यसरी उक्त जग्गा गुठीको खान्गी तैनाथी जग्गा रहेको देखिन्छ । त्यस्तो जग्गामा मोहियानी हक नलाग्ने भनी गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) मा स्पष्ट व्यवस्था भएको अवस्थामा यी पुनरावेदकका पिता दुखिराम पुतुवार नै विधिवत् मोही कायम हुन नसकेको अवस्थामा उसैको हकदार रहेका यी वादी पदम पुतुवार उक्त विवादित कि.नं. २४ का जग्गाको मोही हुनसक्ने अवस्था देखिएन । कुनै जग्गामा मोही कायम भएको अवस्थामा मात्र मोही हक निजको शेषपछि हकवालामा नामसारी हुने हो । मोही नै नभएको व्यक्तिको हक नामसारी हुने भन्ने कानूनसम्मत् नदेखिई विवादित जग्गाको मोहियानी यी वादीको नाउँमा नामसारी हुने ठहर्‍याई सुरू भूमिसुधार कार्यालय, काठमाडौंले गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल मङ्सिर ७ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** २०६७-CR-१०९१, कर्तव्य ज्यान, *भगतलाल टुडु वि. नेपाल सरकार*

यी प्रतिवादीले फरूवाले पटकपटक प्रहार गर्दा मृतक श्रीमतीको मृत्यु भएबाट निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको कसूरदार ठहर्‍याई गरेको पुनरावेदन अदालत, इलामको फैसला मिलेको देखियो ।

अपराध हुँदाको परिस्थिति, निजको पारिवारिक अवस्था निज प्रतिवादीका सानासाना बच्चासमेत भएको र पहिलेदेखि नै प्रतिवादीले आफ्नो मार्नुपर्नेसम्मको योजना नभएको, नदेखिएको एक्कासी परिस्थितिवश रिस उठी प्रहार

गरेको कारणबाट मृत्यु हुन गएको देखिएकोले ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादीलाई १० वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत पूरा हुनजाने भएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री दीपकराज जोशी,** २०६८-WO-०३३६, उत्प्रेषण परमादेश, *भीमलाल लामिछाने वि. कृषि विकास बैङ्क केन्द्रीय कार्यालयसमेत*

रिट निवेदकको नामको जग्गा लिलाम गराउन चाहेको कृषि विकास बैङ्क मुख्य शाखा कार्यालय, पोखराले विपक्षीमध्येका योगराज लामिछानेलाई दिएको ऋणबापतको रकम असूलउपर भैसकेको अवस्थामा बैङ्कको लेनाबापतको रकम सम्बन्धित ऋण लिने व्यक्तिबाटै असूलउपर भैसकेको अवस्थामा अब जमानी बस्ने यी रिट निवेदकको जग्गाबाट असूलउपर गर्ने भनी गरिएको लिलामीसम्बन्धी सम्पूर्ण कामकारवाहीको कुनै प्रयोजन नरहने भै स्वतः निष्क्रिय हुने ।

निवेदकको जग्गा लिलामसम्बन्धी कामकारवाही स्वतः नहुने भै कर्जा चुक्ता भएको मितिसम्ममा भएको सोसम्बन्धी कारवाहीसमेत स्वतः निष्क्रिय हुने देखिन आएकोले प्रस्तुत रिट निवेदनको कुनै प्रयोजन नरहेको हुँदा जारी गर्नुपर्ने अवस्था देखिन आएन । त्यसकारण रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्दा निस्प्रयोजनीय हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने । साथै, मिति २०६८।७।८ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल जेठ १३ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CR-१२४४, नपुग भन्सार महसूल, *नारायणप्रसाद शर्मा वि. श्री गणेशदीप इन्टरप्राइजेज, मखनटोल काठमाडौं*

विपक्षी गणेशदीप इन्टरप्राइजेजलाई थप भन्सार महसूल तिर्नु बुझाउनुपर्ने सम्बन्धमा आफ्नो कुरा भन्ने मौकासमेत प्रदान नगरेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । यसरी विपक्षी गणेशदीप इन्टरप्राइजेजलाई आफ्नो कुरा भन्ने मौका प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी थप भन्सार महसूल लाग्ने गरी एकपक्षीयरूपमा निर्णय गरी थप भन्सार माग गर्ने गरेको भन्सार कार्यालयको उक्त निर्णय कानूनसम्मत् मान्न नमिल्ने ।

आर्थिक ऐन, २०६३ को अनुसूची १ को दफा ७ को उपदफा १६ मा उल्लिखित म्याद ६० दिनभित्र Post Clearance Audit (PCA) नगरी तथा विपक्षीहरूलाई सुनुवाइको मौकासमेत प्रदान नगरी थप भन्सार माग गरिएको भन्सार विभागको निर्णय त्रुटिपूर्ण हुँदा उल्टी हुने ठहर्‍याएको, राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६६।१०।७ को निर्णय कानूनबमोजिम नै भएको हुँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल माघ १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०६४६, ०६५६, ०८२९, ०६५७, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *ढिडरा महतो वि. नेपाल सरकार, रामकृष्ण चौधरी वि. नेपाल सरकार, वीरमान भन्ने वीरबहादुर प्रजा वि. नेपाल सरकार, कृष्णबहादुर बोटे वि. नेपाल सरकार*

प्रस्तुत वारदात दुर्लभ एवम् संरक्षित गैंडा मारी त्यसको अमूल्य खाग तस्करी गर्ने उद्देश्यले घटाएको देखिएको र सो कार्यमा पुनरावेदक प्रतिवादीहरूले एकापसमा संगठित भई सल्लाह सहमति गरी, योजना बनाई राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको निषेधित क्षेत्रमा प्रवेश गरी संरक्षित गैंडा मार्ने र त्यसको खाग काटी लगी बिक्री गर्ने र रकम बाँडी खानेजस्तो आपराधिक कार्यमा प्रत्यक्ष संलग्न भई गैंडा चोरी शिकारीलाई आय आर्जनको माध्यमको रूपमा अवलम्बन गर्ने हदसम्मको कसूर अपराध गरेको देखिएको हुँदा निज प्रतिवादीहरू ढिडरा महतो, रामकृष्ण चौधरी, वीरमान प्रजा, कृष्णबहादुर बोटेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम गरिएको हदैसम्मको सजायलाई कानूनी त्रुटीयुक्त मान्नुपर्ने अवस्था नदेखिँदा प्रतिवादीहरूलाई उक्त कानूनी व्यवस्थाअनुरूप हदैसम्मको जनही रू. १,००,०००।- (एकलाख) जरीवाना र १५ वर्ष कैद गर्ने गरेको सुरू राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की र खेमकुमारी बस्नेत

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल माघ १४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६७-WO-०१५७, उत्प्रेषण, *जितेन्द्र सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले मिति २०७०।६।१५ गतेदेखि लागू हुने गरी नेपाल खानेपानी संस्थान सञ्चालक समितिको अध्यक्षको पदबाट राजीनामा स्वीकृत गरिपाऊँ भनी राजीनामा दिएको र उक्त राजीनामा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।६।१७ को निर्णयअनुसार स्वीकृत भइसकेको भन्ने नेपाल सरकार, शहरी विकास मन्त्रालयको च.नं. ४१५ मिति २०७०।६।१८ को पत्रबाट देखिन आयो । यसरी जुन पदमा बहाल रहेको कारणबाट प्रस्तुत रिट निवेदन दिएको हो, सो पदबाट अवकाश लिई सेवा निवृत्त भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको कुनै औचित्य देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०७०-WO-०१५८, उत्प्रेषण परमादेश, *सुरज मण्डल वि. गणेशकुमार रायसमेत*

फैसला कार्यान्वयनतर्फ बिगोमा मुद्दा चल्दाको बखत पक्ष विपक्ष भै तारिखमा रही मुद्दाको कारवाही भएको देखिएको अवस्थामा मुद्दामा के कस्तो काम भइरहेको छ सोबारेमा निवेदक अनभिज्ञ रहेछन् भनी मान्न नमिल्ने हुँदा अदालतको अन्तिम फैसलाले ठहरेको बिगो भराउने प्रयोजनार्थ लिलाम सकार गरी जग्गाधनी पूर्जा प्राप्त गरेको जग्गामा भोगचलन गर्न अवरोध गरेकोले चलन चलाई माग्न आएकोमा फैसला कार्यान्वयनमा ढिलाई गर्ने वा प्रक्रिया लम्ब्याउनको

लागिमात्र अदालतले कानूनसम्मत्रूपमा गरेका कामकारवाहीलाई अन्यथा गर्न वा भन्न सक्ने अवस्थासमेत देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६७-WO-०१२४२, उत्प्रेषण, *शिवप्रसाद आचार्य वि. शहरी विकास मन्त्रालयसमेत*

निवेदकलाई नियुक्ति गर्दाको अवस्थामा नै दुई वर्षको पदावधि निश्चित् भएको र पदावधि थप भएको भन्नेसमेत नदेखिएको अवस्थामा निवेदकलाई तोकेको पदावधि मिति २०७०।९।७ गते समाप्त भइसकेको देखिँदा मागबमोजिम पोखरा उपत्यका नगर विकास समितिको अध्यक्ष पदमा जीतबहादुर गुरुङको पदावधि समाप्त भएपछि नगर विकास ऐन, २०४५ को दफा ४.४ बमोजिम साधिकार निकाय नेपाल सरकारले उक्त समितिमा हेरफेर गर्नसक्ने कानूनी व्यवस्थाबमोजिम हेरफेर गरी अन्य व्यक्तिलाई सो रिक्त पदमा बहाली गर्न सक्ने नै देखियो । यसबाट जीतबहादुर गुरुङको पदावधि समाप्त भएपछि सो पदमा नियुक्तिसम्म भई पदाधिकार नै कायम नभएका निवेदक शिवप्रसाद आचार्यको नियुक्ति सक्रिय हुन्छ भनी लिएको निवेदन जिकीर कानूनी एवम् तर्कसङ्गतसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०२४४, जबर्जस्ती चोरी, *नेपाल सरकार वि. जितेन्द्र शाहसमेत*

चोरी भयो भनिएको वस्तु धनमाल बरामद भै बरामदी मुचुल्का तयार गरिएको भन्ने मिसिल प्रमाणबाट नदेखिएको, प्रतिवादीहरूले के कति धनमाल चोरी गरेका हुन् भन्ने पुष्टि हुने ठोस सबूद प्रमाण वादी पक्षले गुजार्न नसकेको एउटै वारदातको सम्बन्धमा दुई जाहेरी दरखास्त परी व्यहोरा फरक भई वारदातमा संलग्न भएका भनिएको दुई जना पीडितको पछिल्लो अदालतको बकपत्र र जाहेरी व्यहोरामा दावी गरेको चोरिएको वस्तुको विवरणमा फरक पर्न गएको सबूद प्रमाणको अभावमा प्रतिवादीहरूलाई कसूरदार हुने भनी ठहर गर्न कानूनले मिल्ने देखिएन । तसर्थ, अभियोग दावी नपुग्ने ठहर्‍याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६५।१२।१० को फैसला सदर गरेको पुनरावेदन अदालत, तुल्सीपुर दाङको मिति २०६६।८।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की, खेमकुमारी बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-००९५, उत्प्रेषण, *विनोदकुमार उपाध्याय वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदकले मिति २०७०।११।११ मा नै उमेरको हदको कारणले साविक कार्यालयबाट नै अवकाश पाइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनको तथ्य व्यहोराभित्र प्रवेश गरी निर्णय गर्नुपर्ने कुनै औचित्य नरहेको देखिएको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-CR-०५४०, ०३०८, लागु औषध खैरो हिरोइन, *नेपाल सरकार वि. राजु लामा, राजु लामा वि. नेपाल सरकार*

लागु औषध अपराधको प्रकृति सांगठनिक अपराध भएकोले यस किसिमको अपराधमा मुख्य कर्ता र मतियार नभई सबै मुख्य कर्ता हुने अवस्था हुन्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीरलाई मान्ने हो भने लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा भएको कानूनी व्यवस्था निष्प्रयोजनमात्र नभई षड्यन्त्र गर्ने, उद्योग गर्ने, दुरूत्साहन गर्ने र मतियार हुनेलाई सजाय गर्ने विधायिकाको मनसाय नै लुप्त हुन जाने देखिन्छ । विधायिकी मनसाय नै निस्प्रयोजन हुने गरी अदालतले व्याख्यासमेत गर्न नमिल्ने ।

प्रतिवादी राजु लामाको साथबाट लागु औषध बरामद भएको अवस्था नदेखिए पनि लागु औषध सेवन गर्ने केटाहरू आफ्नो सम्पर्कमा रहेकोले सहअभियुक्त जितेशकुमार श्रीवास्तवसँग बरामद भएको लागु औषध खैरो हिरोइन खरीद गर्नको लागि कुराकानी गरिरहेको अवस्थामा पक्राउ गरेको तथ्यलाई बरामद भएका लागु औषध राजु लामालाई बिक्री गर्न भनी लागु औषध खैरो हिरोइन साथमा लिई राजु लामाको प्रतीक्षा गरिरहेको अवस्थामा मेरो सँगसाथमा रहेको लागु औषध खैरो हिरोइन राजु लामालाई दिन नपाउँदै प्रहरीले हामीलाई पक्राउ गरेको हो भनी प्रतिवादी राजु लामाले गरेको उक्त बयान व्यहोरालाई पुष्टि हुने गरी बयान गरेको निजको सो बयान व्यहोरा अन्यथा हो भनी मान्न मिल्नेसम्मको कुनै ठोस एवम् वस्तुनिष्ठ आधार प्रमाणसमेत मिसिल संलग्न रहेको नदेखिनुको अतिरिक्त मिसिल संलग्न रहेको २०६६।०७।१७ गतेको खानतलासी एवम् बरामदी मुचुल्का, प्र.ना.नि. भरतबहादुर शाहसमेतको प्रतिवेदनसमेतले यी पुनरावेदक प्रतिवादी उक्त लागु औषध खरीद बिक्री गर्ने कार्यमा मतियार रहेको विवादरहित तवरबाट संपुष्टि भएको देखिँदा सोसमेतको आधार प्रमाणबाट प्रतिवादी राजु लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम ६ वर्ष कैद र रू.७१,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-CR-१२२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चुल्हाई चौधरीसमेत*

मृतक र निजको साथी साइकलमा सवार भई घरतर्फ आउँदै गर्दा बाटोमा अचानक साइकल रोक्दा प्रतिवादी चुलाई चौधरीकी भाउजू तर्सिएको निहुँमा प्रतिवादी र मृतकबीच त्यसै कुरालाई लिएर आपसमा झगडा गर्दागर्दै एकाएक कुटपीट भएको र सोही जरीयाबाट उपचारका क्रममा मृतकको मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न बुझिएका मानिसहरूको कागज, घटनास्थल तथा लास जाँच मुचुल्का र शव परीक्षण रिपोर्टसमेतको आधारमा भीमनारायणको मृत्यु भएको तथ्य पुष्टि हुन आउँछ । मृतकको मृत्युको कारण कुटपीट भए पनि प्रतिवादीहरूको पूर्व रिसइबी भएको भन्ने कहींकतैबाट खुल्न आएको छैन । साइकल रोक्दा आफ्नी भाउजू फूलकुमारी तर्सिएको कारण मृतक र प्रतिवादीहरूबीच भनाभन झगडा भई कुटपीट भएको र त्यसैको कारण मृतकको मृत्यु भएको भए पनि ज्यान लिनेसम्मको मनसाय वा इबी लाग भएको देखिन नआउने ।

मृतक भीमनारायण चौधरी र यी प्रतिवादीहरूबीच साविकदेखि रिसइबी केही नभई मौकामा नै तत्काल उठेको रिसको कारणबाट

आपसमा कुटपीट भई सोही कुटपीटको चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने कुरा प्रमाणहरूबाट पुष्टि भएको हुँदा ज्यानसम्बन्धी महलको १३ नं. आकर्षित नभई ऐ. को १४ नं. आकर्षित हुने हुँदा प्रतिवादी चुल्हाई चौधरी र उपेन्द्र चौधरीको हकमा जनही १० वर्ष कैद हुने र अर्का प्रतिवादी नरेन्द्र चौधरीका हकमा आरोपित कसूर गरेको भन्ने कुरा प्रमाणबाट पुष्टि भएको नदेखिँदासम्म सफाइ पाउने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६८-CR-१२६६, कर्तव्य ज्यान, *कमल वि.क. वि. नेपाल सरकार*

मृत्युको कारणका सम्बन्धमा मुखाकृतिमा रहेका विविध चोटहरू र पानीमा डुब्नाको कारणले श्वासप्रश्वास बन्द भई मृत्यु (Asphyxial death due to drowning with multiple injury on face and pinna) भएको भन्ने उल्लेख भएको छ । यी तथ्यगत अवस्था र प्रमाणहरूले रातिको समयमा प्रतिवादीहरू सबैको उपस्थितिमा कुटपीट भएको र हानाहान गर्दै खोलामा झरेकोमा घाइते अवस्थामा मृतकलाई खोलामै छाडी आएको भन्ने प्रतिवादीहरूको मौकाको कागजको व्यहोरा प्रमाणित हुन गएकोले निजहरूकै सामूहिक कुटपीटबाट साहिँला भन्ने छविलाल दुबेको मृत्यु हुन गएको देखिन आयो । यस अवस्थामा पुनरावेदकहरू राजु कामी र कमल वि.क. लाई दोषी ठहर गरेको सुरूको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसला सदर हुने ।

प्रतिवादीहरू कलिलो उमेरका अपरिपक्व युवाहरू रहेको र आफ्नो साथीको लहडमा झगडा गरेको समेतका अवस्थालाई विचार गर्दा निजहरूकै कुटपीट चोटबाट घाइते भई मर्न गए पनि घटना परिस्थिति र अवस्थालाई मध्यनजर राख्दा निजहरूलाई जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद गर्न मनासिबै देखिने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०४८६, निषेधाज्ञा/परमादेश, *भीष्मकुमार थापामगर वि. वीरबहादुर गुरुङसमेत*

निवेदकले हामीलाई डर, त्रास र धम्की दिएकोले आफ्नो सुरक्षाको लागि इलाका प्रहरी कार्यालय, बुटवलमा निवेदन दिएका हौं । उक्त निवेदन लेनदेनको विषयमा नभई शान्ति सुरक्षाको विषयमा दिइएको र हामीले दिएको निवेदनको आधारमा विपक्षी निवेदकसमेतलाई प्रहरी कार्यालयले झिकाई छलफल गरी छाडिदिएको हो । लेनदेनको विषयमा क्षेत्राधिकार निकायमा गै कानूनबमोजिमको उपचार खोज्न सकिने हुँदा जिल्ला प्रहरी कार्यालयबाट लेनदेनको उपचार खोजिएको होइन भनी विपक्षीहरूबाट लिखित जवाफमा भनेको देखिँदा निवेदकले दावी गरे जस्तो विपक्षीहरूबाट गैरकानूनी कामकारवाही भएको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६९-CI-०६७६, निषेधाज्ञा/परमादेश, *सूर्यबहादुर लामा वि. हरिबहादुर थापासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१२९०, निषेधाज्ञा, *मनोज झा मैथिल बाहुन वि. विजयचन्द्र झा मैथील बाहुन*

निवेदन दावीमा आफ्नो हकाधिकार रहेको जग्गा कित्तामा समेत घर बनाउने आशङ्का रहेको भनी प्रस्तुत निषेधाज्ञाको मुद्दा दर्ता गरेको देखिन्छ । तर, विपक्षीले त्यस जग्गामा निवेदकको हकाधिकार छैन भनी जिकीर लिएको र आफ्नो स्वामित्त्वमा रहेको भनी जिकीर लिएको देखिन्छ । यसरी मूल जग्गा कित्ताको स्वामित्त्व र हकाधिकारमा नै विवाद देखिँदा पहिले उक्त जग्गा कित्ता कसको हकाधिकार र स्वामित्त्वको जग्गा हो भनी निर्णय गर्नुपर्ने देखिन्छ । यसरी निवेदक र विपक्षीबीचमा उक्त जग्गा कित्ताको हक बेहकमा विवाद हुँदाहुँदै त्यसको निरूपण नभई निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१३३१, निषेधाज्ञा/परमादेश, *जिल्ला विकास समितिको कार्यालय, ससरीसमेत वि. पूर्वाञ्चल पोल्ट्री फर्म प्रा. लि.समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९ मा कानूनबमोजिम बाहेक कुनै कर उठाउन वा लगाउन बन्देज लगाएको छ । विधायिकाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मार्फत् जिल्ला विकास समितिलाई कुनकुन वस्तुमा कर उठाउन र लगाउन सक्ने, कुनकुन कुरामा सेवाशुल्क लिन पाउने भन्ने कुरा स्पष्टरूपमा उल्लेख गरेको अवस्थामा ऐन, कानून र नियमावलीविपरीत गई कर उठाउन मिल्ने नदेखिँदा निवेदन दावीबमोजिमको निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१३७५, निषेधाज्ञा/परमादेश, *हरिनारायण मण्डल वि. जिल्ला शिक्षा कार्यालय, महोत्तरीसमेत*

अनियमितरूपमा विद्यार्थी भर्ना गरी कृत्रिम अभिभावक खडा गरेको भन्ने निवेदन दावीलाई हेर्दा यदि विद्यालय व्यवस्थापन समितिको छनौट प्रक्रियालाई प्रभावित पार्ने उद्देश्य राखी अनियमित तवरबाट कृत्रिम अभिभावक खडा गरिएको हो भने अनियमितता गर्नेउपर नियमबमोजिम नै कानूनी उपचार खोज्नसक्ने अवस्था हुँदाहुँदै पहिल्यै कानूनविपरीत हुने अनुमान गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्दैन । नियमपूर्वक भए गरेका कामकारवाहीहरूलाई बीचमा नै रोकी राख्न मिल्ने अवस्था नहुँदा निवेदन दावीबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-००३९, निषेधाज्ञा/परमादेश, *सिलाकुमारी यादव वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत*

निवेदिका शिक्षक छनौट प्रक्रियामा सहभागी भए पनि त्यसमा छनौट भई नियुक्त

हुन सकेको भने देखिँदैन । अर्कोतर्फ निवेदिकाले विज्ञापन भएको एक वर्षपछिमात्र नियुक्तिको लागि परमादेश जारी गरिपाऊँ भनी निवेदन गरेको देखिन्छ । यसरी विद्यालयलाई प्राप्त राहत दरबन्दीसमेत कट्टा भइसकेको र एकवर्षपछि विलम्ब गरी आउनुको उचित कारणसमेत निवेदिकाले खुलाउन सकेको नदेखिँदा निवेदन दावीबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१३३९, परमादेश, *नन्दुसिंह धामी वि. मालपोत कार्यालय, दार्चुलासमेत*

निवेदन दावीमा मेरो बाजेको नाउँमा दर्ता रहेको मेरो हक भोगको जग्गालाई अरूको नाउँमा नापी गरी दर्ता गरेको भनी प्रस्तुत मुद्दा दर्ता गरेको देखिन्छ । निवेदकले निवेदनमा उठाएका प्रश्नहरू हेर्दा जग्गाको हक बेहक सम्बन्धमा निर्णय दिनुपर्ने देखिन्छ । निवेदकले दावी गरेका जग्गा कित्तामा फिल्डबुकमा अर्को पक्षको नाउँमा जनिएको छ भने निवेदकले पनि त्यसमा नै आफ्नो हक रहेको भनी दावी गरेको अवस्था छ । निवेदकले आफ्नो स्वामित्त्वको जग्गाहरू भएको भन्ने प्रमाण मालपोत कार्यालयमा पेश गर्न सकेको पनि देखिँदैन । विपक्षी मालपोत कार्यालयले पनि निवेदकले आफ्नो हकभोग रहेको भन्ने सबूद प्रमाण पेश गरेको खण्डमा सोहीबमोजिम कारवाही गर्न सकिने छ भनी लिखित जवाफ गरेको अवस्थामा कारवाही गर्न इन्कार गरेको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको परमादेशको आदेश जारी गर्नपर्ने अवस्था विद्यमानता देखिँदैन । आफ्नो हकभोगको जग्गामा अरू कसैले कब्जा वा नापी दर्ता गरेमा त्यसउपर निवेदकले सुरू जिल्ला अदालतबाट नै नापी बदरमा गई उपचार खोज्नसक्ने अवस्थासमेत रहेको देखिने हुँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।११।९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-००७०, निषेधाज्ञा/परमादेश, *प्रकाश श्रेष्ठ वि. स्थानीय विकास मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको स्वामित्त्वमा बलम्बु विकास केन्द्रको अन्दाजी २४ रोपनी जग्गा कृषि प्रयोजनको लागि पाँच वर्षसम्मको लागि भाडामा लिने गरी सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त नं. २ मा कृषि प्रयोजन बाहेक अन्य प्रयोजनमा उक्त जग्गा प्रयोग गर्न पाइने छैन भन्ने र उक्त सम्झौताको शर्त नं. ८ मा उक्त जग्गामा स्थायी प्रकृतिको कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन भन्ने उल्लेख भएको देखिन्छ । निवेदकले त्यस जग्गामा स्थायी प्रकृतिका सटर/टहरा बनाएको कार्य सम्झौताविपरीत रहेको देखिन्छ । कानूनबमोजिम प्राप्त हकमा आघात पर्ने आशङ्काको स्थितिमा मात्र निषेधाज्ञा जारी हुने हो । निषेधाज्ञाको माग गर्न विधिसम्मत् अधिकार निवेदकले देखाउनुपर्ने हुन्छ । सम्झौता दुई पक्षका बीचको कानून हो । सम्झौताअनुरूप सम्पन्न कार्यबाट मात्र हकको सिर्जना वा स्थापना हुन्छ । निवेदकले

उल्लेख गरेको हक त्यस प्रकृतिको देखिएन । तसर्थ निर्विवाद हकको अभाव देखिएमा निषेधाज्ञा तथा परमादेशको विषयवस्तु नबन्ने हुँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१३ मा भएको आदेशमा परिवर्तन गरिरहनुपर्ने अवस्था देखिएन । सो मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१३७१, निषेधाज्ञा, *श्यामकृष्ण श्रेष्ठ वि. श्रवणकुमार शर्मासमेत*

विपक्षीहरूबाट रीतपूर्वकको जाहेरी दरखास्त दर्ता भएको अवस्थामा अनुसन्धान अधिकारीले निवेदकलाई पक्राउ गरी मुद्दा हेर्ने अधिकारीबाट थुनामा राख्न अनुमति लिई कारवाहीको प्रक्रियालाई अगाडि बढाउन पाउने नै देखिन्छ । तर, निवेदकउपर जाहेरी दरखास्त नै नपरी निवेदक र विपक्षीबीचमा लेनदेन व्यवहार भएको थियो भनी त्यसलाई नै आधार मानी निवेदकलाई पक्राउ गर्ने र निजलाई थुन्ने जस्ता कार्य गैरकानूनी हुने हुँदा रीतपूर्वकको उजूरीबिना देवानी प्रकृतिको विवादमा निवेदकलाई पक्राउ गरी थुन्न मिल्ने नदेखिँदा पुनरावेदन अदालतबाट जारी भएको निषेधाज्ञाको आदेशलाई अन्यथा हो भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।७।२३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०१३८, निषेधाज्ञा/परमादेश, *ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. २ सानेपास्थित रेड्ना एसेट्स डेभलपर्स प्रा.लि.को अख्तियारप्राप्त पूर्णिमा गुरुङ वि. गोर्खा डेभ्लपमेन्ट बैंक, पुतलीसडक, काठमाडौंसमेत*

निवेदकले विपक्षी गोर्खा डेभ्लपमेन्ट बैंकसँग कर्जा लिएको कुरामा विवाद देखिँदैन । कर्जाको शर्त हेर्दा वार्षिक १३.५ प्रतिशत ब्याज दरमा एक वर्षको अवधिमा कर्जा चुक्ता गर्ने गरी कर्जा लिएको र मिति २०६७।६।२७ मा कर्जा बुझाउने समयावधि समाप्त भएको देखिन्छ । यसरी निवेदक आफैंले शर्तबमोजिमको समयभित्र कर्जा चुक्ता नगरी बसेको अवस्थामा विपक्षी बैंकले नियमानुसार नै धितोमा रहेको सम्पत्ति लिलाम गरी आफ्नो कर्जा रकम असूली गर्नसक्ने नै हुँदा लिलामसम्बन्धी प्रकाशित सूचनालाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०२२३, निषेधाज्ञा, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथलीस्थित कार्यालय रहेको अरनिको बहुउद्देश्यीय सहकारी संस्था लि. को तर्फबाट अख्तियारप्राप्त ऐ. को व्यवस्थापक नारायणप्रसाद अर्याल वि. देवनारायण भन्ने देउनारायण श्रेष्ठ*

विपक्षी सहकारीले ऋण दिँदा उक्त जग्गाको दर्तावालासँग कुनै सहमति नै नलिई

ऋण दिएको र ऋणी वीरेन्द्रकुमार श्रेष्ठ बाबुसँग आफ्नो अंश लिई छुट्टि भिन्न भई अलग बसेको अवस्थामा छोराले लिएको कर्जामा बाबुको पनि सरोकार थियो भनी भन्न नमिल्ने । सहकारीले आफूले ऋण कर्जा प्रवाह गर्दा अपनाउनुपर्ने कानूनी प्रक्रियासमेत नअपनाई अर्काको नाउँको जग्गालाई वास्तविक जग्गाधनीको स्वीकृति नै नलिई आफूखुशी धितोमा राखी कर्जा दिई लिलाम गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको आदेशलाई अन्यथा भन्न मिल्ने देखिन आएन । ऋणीसँग प्रचलित कानूनबमोजिम ऋण कर्जा असूलउपर गर्न पुनरावेदकको हक सुरक्षित नै हुँदा निजको हकाधिकारमा आघात परी नै हालेको अवस्था देखिएन । मूलतः २०६२।७।२४ मा छोरालाई कर्जा प्रवाह गर्दा बाबुको नाउँको जग्गालाई निज बाबुको कुनै मञ्जूरी वा सहमतिबिना नै धितो स्वीकार गर्नु र सो लिलाम गर्न तत्पर हुनु कानूनसम्मत देखिएन । मिति २०६७।१२।११ मा अंश भरपाई गरी बाबु छोरा छुट्टिएको भन्ने विपक्षीको कथनले सगोलमा रहेको बेलामा खाएको ऋण भनी बाबुका नाउँको सम्पत्ति समाउने आधार बन्न नसक्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१।८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०४१३, उत्प्रेषण/परमादेश, *श्रीपती चौधरी वि. हेटौंडा सिमेन्ट उद्योग लिमिटेडसमेत*

हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको कर्मचारी सेवा शर्त नियमावली, २०५५ लाई हेर्दा निवेदकलाई उद्योगले दिएको अनिवार्य अवकाशको निर्णयउपर चित्त नबुझेमा निवेदकले उद्योगको सञ्चालक समितिसमक्ष पुनरावेदन गर्नुपर्ने देखिन्छ । यसरी निवेदकले वैकल्पिक उपचारको बाटोबाट नै उपचार पाउनसक्ने अवस्था रहेको र उक्त व्यवस्थाबमोजिमको उपचारको बाटोमा नै उपचार पाउनसक्ने अवस्था रहेको र उक्त व्यवस्थाबमोजिमको उपचारको बाटोमा निवेदक गैसकेको अवस्थामा निर्णय आउन ढिला भयो भनी असाधारण अधिकारक्षेत्रबाट अदालतसमक्ष आउन मिल्ने नदेखिँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाले गरेको आदेशलाई अन्यथा हो भनी भन्न नमिल्ने हुँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।३।६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०४९९, उत्प्रेषणसमेत, *अधिवक्ता टीकाप्रसाद पोखरेल वि. नेपाल विद्युत प्राधिकरण, सुर्खेत शाखासमेत*

विद्युत प्राधिकरण एक स्वशासित अवच्छिन्न उत्तराधिकारवाला संस्था रहेको र यसले विद्युत ऐन, २०४९ को दफा १६ र १७ बमोजिम नै नेपाल सरकारबाट गठित महसूल निर्धारण आयोगले निर्धारण गरेको महसूल दरमात्र लिन पाउने अधिकार प्राधिकरणमा

रहेको र विद्युत खपतको युनिटअनुसार महसूल निर्धारण हुँदा उपभोग गरेको विद्युत सेवाको महसूललाई निवेदन मागबमोजिम फिर्ता दिन नमिल्ने ।

कानूनअनुसार नै काबुबाहिरको अवस्थामा विद्युत प्राधिकरणले लोडसेडिङ् गर्नसक्ने देखिन्छ । उक्त लोडसेडिङ्को सूचना विद्युत प्राधिकरणले आम सञ्चारको माध्यमबाट र आफ्नो वेबसाइटमार्फत् पनि सर्वसाधारणको जानकारीको लागि प्रकाशन र प्रसारण गरेको र अन्य आवश्यक सूचनाहरूसमेत निवेदकलगायत अन्य सर्वसाधारणसमेतले माग गरेमा जुनसुकै बेला आफू सूचना दिन तयार नै रहेको भनी विपक्षी विद्युत प्राधिकरणले लिखितरूपमा नै प्रतिबद्धता जनाएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान नदेखिँदा निवेदन मागबमोजिमको आदेशहरू जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६९।४।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०५३५, निषेधाज्ञा/परमादेश, *गणेशदत्त पौडेलसमेत वि. श्री सहकारी संस्था लि., जमुनी, बर्दियासमेत*

निवेदकहरूले विभिन्न मितिमा सहकारीबाट ऋण लगेको र सोहीअनुसार निजहरूको नाउँको जग्गासमेत रोक्का राखिएको तर सहकारीमा आगलागी भै कागज प्रमाणहरू नष्ट भएकोले त्यसको अनुचित फाइदा लिई ऋण नतिर्नको लागि निवेदन दिएको हो भनी सहकारी संस्थाले आफ्नो लिखित जवाफमा उल्लेख गरेको पाइन्छ । यी निवेदकहरूले पनि सहकारीमा आगलागी भएको कुरालाई इन्कार गरेको अवस्था देखिँदैन । मालपोत कार्यालयको लिखित जवाफ हेर्दा निवेदकहरूको नाउँका जग्गा कित्ताहरू सहकारीको पत्रबाट रोक्का रहेको भन्ने देखिन्छ । निवेदकहरूले विपक्षीबाट कर्जा लिएको हो होइन भन्ने मूल प्रमाण नष्ट भए पनि अन्य गौण प्रमाणबाट सो कुरा निरोपित गर्न प्रस्तुत मुद्दाबाट सकिने स्थिति हुँदैन । साधारण अधिकार क्षेत्रबाट निरोपित हुनसक्ने विषयमा यस निषेधाज्ञा/परमादेशको विवादबाट प्रवेश गर्न नमिल्ने, हुँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६८।१०।११ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०५८६, उत्प्रेषण/परमादेश, *गङ्गाबहादुर बुढाथोकी वि. तेह्रथुम जिल्ला, खाम्लालुङ ७ स्थित कालिका निम्न माध्यमिक विद्यालयसमेत*

निवेदक परीक्षामा सहभागी भए पनि त्यसमा आफू नै उत्तीर्ण भई छनौट भएको भनी भन्न सकेको निवेदनमा देखिँदैन । परीक्षामा अमर्यादित कार्य भएको भनी सोही आधारमा परीक्षालाई रद्द गरी पुन: अर्को परीक्षा लिने भनी विपक्षीहरूबाट निर्णय भई सोको जानकारी जिल्ला कार्यालयमा समेत दिएको देखिन्छ । यसरी पुनः लिने परीक्षामा निवेदक सहभागी हुन नपाउने भन्ने प्रश्न नै नरहेको हुँदा यसबाट निवेदकको हक अधिकारमा हनन् भयो भन्न मिलेन । अब

पुनः लिने परीक्षामा कसैबाट कुनै अनियमितता भए गरेमा त्यसउपर मर्का पर्ने पक्षले कानूनी उपचारको बाटो अवलम्बन गर्न पाउने नै देखिँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालतले गरेको आदेशलाई अन्यथा हो भनी भन्न नमिल्ने हुँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६९।२।२४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचर्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०५९१, उत्प्रेषण/निषेधाज्ञा, *सियाराम खटिक वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

निवेदकले दावी गरेको जग्गा कित्तामा आफू बाबु बाजेको पालादेखि बस्दै आएको भनी जिकीर गरे पनि त्यस जग्गामा आफ्नो स्वामित्त्व रहेको भन्ने कुरा निवेदनमा देखिँदैन । उक्त जग्गा कित्तामा आफ्नो स्वामित्त्व नभएको कुरालाई निवेदकले पनि स्वीकार गर्दै गा.वि.स.मा नियमितरूपमा शुल्क बुझाएको कारण आफ्नो हो भन्ने दावी लिएको देखिन्छ । यसरी गा.वि.स. कार्यालयलाई शुल्क बुझाएको कारणले सार्वजनिक जग्गामा व्यक्तिको स्वामित्त्व स्थापित हुन नसक्ने ।

निवेदकले भोग गर्दै आएको जग्गामा स्थानीयबासीहरूबीचमा विवाद सिर्जना भई अशान्तिको वातावरण सिर्जना भएको भनी जिल्ला प्रशासन कार्यालयमा उजूरी परेपछि जिल्ला प्रशासन कार्यालयले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६)(क) बमोजिम उक्त सार्वजनिक जग्गाको संरक्षण गरी स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्न आवश्यक निर्णय गरेको भन्ने देखिँदा उक्त निर्णय कानूनसम्मत नै भए गरेको देखिँदा उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०८८४, परमादेश, *चन्तराम थारूसमेत वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

सुकुम्बासी समस्या समाधान आयोगले सुकुम्बासीका नाममा जग्गा वितरण गर्दा विवादास्पद ढङ्गले कामकारवाहीहरू गरेको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको कारणले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै त्यसको छानबिनको लागि जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीलाई आदेश गरेकोले उक्त आदेशबमोजिम नै जिल्ला प्रशासन कार्यालय, बाँकेले जिल्लास्थित सुकुम्बासी समस्या समाधान आयोगबाट सुकुम्बासीलाई जग्गा वितरण गर्नेसम्बन्धी कागजात फाइलहरू नियन्त्रणमा लिएको देखिँदा यसलाई गैरकानूनी भन्न मिलेन । नियन्त्रणमा लिएका कागजात फाइलहरू सुरक्षितरूपमा नै राखिएको र निवेदकहरूलगायत सुकुम्बासीहरूको जग्गा प्राप्तिको कामकारवाहीमा बाधा अड्चन, रोकावट पर्ने कुनै गैरकानूनी कामकारवाही जिल्ला प्रशासन कार्यालयबाट गरिएको छैन भनी लिखितरूपमा नै आफूले पेश गरेको लिखित जवाफमा विपक्षीहरूले व्यक्त गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-००७४, अंश चलन, *किम्बा शेर्पा वि. ओइछु शेर्पा*

प्रतिवादीका दोस्रो श्रीमती एलिजावेथ स्किनियर र निजबाट जन्मेको भनिएका छोरा छिमे दोर्जे शेर्पा तथा अर्की श्रीमती इन्दु शेर्पा र निजबाट जन्मेको भनिएका छोरा नोवाङ्ग दोर्जे शेर्पासमेतलाई पेशीको दिन इजलाससमक्ष हाजीर गराउनु भनी मिति २०६९।१।६ मा आदेश दिएको देखिन्छ । तर, पेशीको दिनमा प्रतिवादीहरूले निजहरूलाई इजलाससमक्ष उपस्थित गराउन सकेको देखिएन । यसरी प्रतिवादीले आफूले लिएको जिकीरलाई आफैंले नै सप्रमाण पुष्टि गर्नुपर्नेमा सो गर्न नसकेको र अदालतको आदेशको पालनासमेत भएको देखिएन । प्रतिवादीले अन्य अंशियार भएको कुरा सप्रमाण पुष्टि गर्न नसकेको र अंशियार छन् भन्ने कुरामा मौखिक जिकीर गर्दैमा अदालतबाट त्यस्तो मौखिक जिकीरलाई आधार मानी अन्य अंशियार अनुमान गर्न नमिल्ने ।

प्रतिवादी बाबुआमासँग छुट्टिभिन्न भएको नदेखिँदा प्रतिवादीको मूल अंशियार सात भएको देखिन्छ । जिल्ला अदालतको फैसलाउपर वादीको पुनरावेदन परेकोसमेत पाइँदैन । तसर्थ, जिल्ला अदालतले फैसला गरेअनुरूप प्रतिवादीको मूल अंश भागबाट सात भागको एक भाग अंश कायम हुने देखिन्छ । यसरी प्रतिवादीले मूल अंशबाट आफूले पाएको एक भाग अंशलाई पुनः तीन अंश भाग लगाई त्यसमध्ये वादीको आफ्नो एक भाग र छोरा ग्यालजेन शेर्पाको एक भाग कायम भई अंश पाउने देखिने ।

वादीले प्रतिवादी लोग्नेको अंशलाई तीन भाग लगाई आफू र छोराको समेत गरी दुई भाग अंश माग गरेकोमा सोहीबमोजिम जिल्ला अदालतले गरेको फैसलालाई केही उल्टी गरी प्रतिवादीको अंशलाई सात भाग लगाई सोको एक भाग वादीको अंश कायम गरेको फैसला मिलेको नदेखिँदा सो हदसम्म पुनरावेदन अदालत, पाटनबाट भएको फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल असोज ९ गते रोज १ शुभम् ।

१८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-०७७३, कर्तव्य ज्यान, *रामु नेपाली (दमाई) वि. नेपाल सरकार*

मौकामा प्रत्यक्षदर्शीको रूपमा रही अदालतमा आई बकपत्र गर्ने तिलक परियार, ध्रुव परियार र महेन्द्र परियारसमेतले मृतकले प्रतिवादीसँग कुटपीट गर्न खोज्दा कैंचीले एक्कासी घाँटीमा रोपिन गएको भनी बकपत्र गरिदिए पनि धेरैजना व्यक्तिहरू कार्यरत् रहेको ठाउँमा झगडा हुन गएमा हारगुहार मागेमा सबै जम्मा भई घटना हुनबाट बच्नसक्ने अवस्था हुँदाहुँदै सोतर्फ प्रतिवादी रामु नेपालीले कुनै प्रयत्न गरेको मिसिल संलग्न प्रत्यक्षदर्शीसमेतका बकपत्रबाट खुल्न आउँदैन । कैंची जस्तो घातक तीखो फलामे औजारले प्रहार गर्दा मानिसको ज्यान जानसक्छ भन्ने सामान्य अनुमान पनि तत्काल पुनरावेदक प्रतिवादी रामु नेपालीबाट भएको पाइँदैन । कैंची जस्तो घातक हतियारको प्रहारबाट भएको घटनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा उल्लिखित मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा रहेछ भनी अदालतले अनुमान गर्न कानूनतः न्यायोचित र यथार्थपरक नहुने हुँदा पुनरावेदक प्रतिवादी रामु नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. को कसूरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

मास्टर कर्मचारीको नाताले केही सम्झाउन खोज्दा मृतक स्वयं असामान्य भै

झैझगडा गर्न खोज्दा हातमा रहेको कैंची घटनामा प्रयोग हुन पुगेको, असल नियतवश काम गर्ने क्रममा सम्झाउँदा हातमा रहेको धारिलो औजार कैंचीको चोट पर्न गई सोही कारण मृतकको मृत्यु भएको र प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व मनसाय तत्त्व मिसिल संलग्न सङ्कलित सम्पूर्ण प्रमाणबाट खुल्न आएको नपाइँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. को सजाय चर्को पर्ने चित्तले देखी अ.बं. १८८ बमोजिम ९ वर्ष कैद सजाय हुन व्यक्त रायप्रति घटनाको प्रकृति हेर्दा अ.बं.१८८ प्रयोग हुनसक्ने अन्तर्वस्तु देखिएबाट सुरू काठमाडौं जिल्ला अदालत एवम् पुनरावेदन अदालत, पाटनको सो रायसमेत मनासिब देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०६७९, परमादेश, *रामलखन कुर्मी वि. सप्तरी जिल्ला, गोबरगाडा गाविसमा रहेको शारदा राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापकसमेत*

निवेदकले शिक्षा ऐन, नियमानुसार तोकिएको योग्यता र अध्ययन अनुमतिपत्रलगायतका आवश्यक कागजातहरू साथै राखी विद्यालय व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालयको अनुमति लिई नियुक्ति गरेको कागजात पेश गरेको अवस्थामा तलब भत्ता पाउने नै देखिँदा अध्यापन अनुमतिपत्र र अन्य आवश्यक कागजातहरूबिना नै तलब भत्ता निकासी गर्नु भनी विपक्षीहरूलाई परमादेशको आदेश दिन मिल्ने नदेखिँदा पुनरावेदन अदालत, जनकपुरले निवेदन खारेज हुने ठहर्याई गरेको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल कात्तिक २४ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-CI-०१९०, मानाचामल, *गोबर्द्धनलाल नकर्मीसमेत वि. सृष्टिना नकर्मीकी संरक्षिका कमला नकर्मी*

वादी नाबालिका रहेको र निज बाबुसँग नबसी आमासँग बसेको अवस्था रहेको देखिँदा लोग्ने स्वास्नीको ३ नं. को देहायको ५ अनुरूप छोरी सृष्टिना नकर्मीको मानाचामलबापत रकम पिता गोबर्द्धनलाल नकर्मीबाट भराई दिनपर्ने नै देखिन आयो । तसर्थ छोरी सृष्टिना नकर्मीलाई मानाचामल भराई दिन उपयुक्त देखी मानाचामल भराई दिने गरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-CR-०२०७, सम्बन्ध बिच्छेद्, अंश, *गोबर्द्धनलाल नकर्मीसमेत वि. कमला नकर्मी*

कुनै अंशियार मरेकोमा उसको हाँगातर्फ उसको अंशभाग जानेबाहेक मरिसकेकाको अंश भाग लाग्दैन । यहाँ मरेको भनेको आमा मिश्री नकर्मी भएकोले उसको हाँगातर्फ जाने कुरै नभई उसका छोराछोरीबीच अंश जाने भएकोले मरिसकेकी आमा मिश्री नकर्मीको अंश भाग लाग्ने स्थिति नरहने ।

एकासगोलका अंशियारबीच एकले

अर्कोबाट सगोलको सम्पत्ति बकसपत्र पाएकै अवस्थामा पनि सो सम्पत्तिमा सबै अंशियारको भाग लाग्ने हुन्छ । वादी कमला नकर्मीको मुद्दाबाट प्रतिवादीको बकसपत्रबाट पाएको भनी प्रतिवादीको भाग भनी एकासगोलभित्रको सम्पत्ति सगोल परिवारबाट भएको सगोल परिवारभित्रैको बकसपत्रबाट प्रतिवादीको कुनै नालिस नै नपरी प्रतिवादीलाई सो सम्पत्ति दिलाई दिने भराईदिने कार्य हुनसक्ने अवस्था देखिन नआउने ।

मिश्री नकर्मी मुद्दामा वादी प्रतिवादी केही पनि रहेको नदेखिएको तथा प्रस्तुत सम्बन्ध बिच्छेद् मुद्दा दायर हुँदा मिश्री नकर्मी बाँचेको भएतापनि अरू प्रतिवादीलाई अंश प्रयोजनार्थ बुझ्दा निजको मृत्यु भइसकेको देखिएको र पक्ष कायम भई कसैले सकार गरेको पनि नदेखिएको हुँदा पक्ष कायम नभई सकार नभएकोमा पहिले नै मृत्यु भइसकेको व्यक्तिलाई अंशियार कायम गर्न नसकिने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने
कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-WO-०८८५, उत्प्रेषण, *मुकुन्दलाल नकर्मीसमेत वि. कमला नकर्मीसमेत*
- ०७०-CI-०१८९, अंश चलन, *गोबर्द्धन लाल नकर्मी वि. कमला नकर्मी*

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०३३२, अंश चलन, *विनेश्वर सरवरीयासमेत वि. फगुनीकुमारी मण्डलसमेत*

पुनरावेदक प्रतिवादीले देखाएको अंश मुद्दामा सुदीज मण्डल वादी प्रतिवादी नरहेको देखिँदा अ.बं. ८५ नं. यहाँ आकृष्ट हुनसक्ने देखिन आएन । यसर्थ पुनरावेदन अदालतबाट सुरूले गरेको खारेजी फैसला बदर गरी पुनः निर्णयार्थ मिसिल पठाउने गरेको फैसला मिलेको देखिने ।

सुरू सुनसरी जिल्ला अदालतको फैसला नै बदर भई पुनः निर्णयार्थ मिसिल त्यहाँ गइसकेको र हाल यस मुद्दाको कारणबाट मुलतवी रहेको र यस मुद्दाको निर्णयपश्चात् मुलतवीबाट जागी निर्णय हुने यस स्थितिमा ती प्रश्नहरू त्यहींबाट निराकरण हुने र मातहतको अदालतमा विचाराधीन रहने विषयमा त्यहाँबाट फैसला हुनुपूर्व नै हुनसक्ने फैसलालाई असर पर्नसक्ने गरी माथिल्लो निकायबाट बोलिनु उपयुक्त हुने नदेखिँदा नातामा विवाद भएको अवस्थामा अ.बं. ८० नं. को प्रक्रिया अपनाई यकीन गरी फैसला गर्नुपर्नेमा फिराद दावी नै खारेज गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला बदर गरी जो जे बुझ्नुपर्छ बुझी फैसला गर्नु भनी मिसिलसमेत सुरू सुनसरी जिल्ला अदालतमा पठाई दिने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।०९।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम
कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल जेठ १६ गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री गिरिश चन्द्र लाल,** २०७०-WO-०६३२, उत्प्रेषणसमेत, *रूपसरी बिष्टसमेत वि. सुकलाल बिष्टसमेत*

अंश मुद्दामा भएको अन्तिम फैसलाले जम्मा ७ अंशियार कायम गरेको भए तापनि बन्डा नहुँदै प्रतिवादी मन्जिता बिष्टको गर्भबाट

जन्मिएका शिवलाल बिष्टलाई समेत यी वादी प्रतिवादीहरूको अंशियार मानी जम्मा ८ अंशियार कायम गरी सोको ३ भाग यी निवेदिका वादीले बन्डा पाउने भनी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।३।१३ को आदेश कानूनबमोजिम भएको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०४९९, उत्प्रेषण, *राजकुमार शाह वि. बारा जिल्ला, पिपरा गाउँ विकास समिति वडा नं. ४ स्थित सूर्य नेपाल प्रा. लि. समेत*

आफू कार्यरत् प्रतिष्ठानको आर्थिक उन्नति भएमा नै कामदार कर्मचारीहरूको पनि उन्नति हुने गर्दछ । व्यवस्थापनको सर्वमान्य सिद्धान्त पनि यही नै हो । कारखानाबाट उत्पादित चुरोट नै लिई हिँड्ने कार्यले निवेदकमा खराब आचरण रहेको देखिएको अवस्थामा व्यवस्थापनले आफ्नो लगानीको सुरक्षा र कारखानाको आर्थिक हितका लागि निवेदकमाथि विश्वास नगरेको देखियो । निवेदक र व्यवस्थापकबीच चोरीजन्य कार्यबाट उत्पन्न भएको विश्वासको सङ्कटलाई कानूनले पनि गम्भीररूपमा लिई सेवाबाट हटाउनेसम्मको अधिकार व्यवस्थापकलाई प्रदान गरेको देखिने ।

निवेदकले पाँचबट्टा चुरोट लिई कार्यस्थलबाट बाहिर गएको तथ्य स्वीकारै गरेका र उक्त कुरा प्रत्यक्षदर्शी सुरक्षा गार्डसमेतको प्रतिवेदन, बरामदी मुचुल्का तथा श्रम अदालतमा बकपत्र गर्ने प्रत्यक्षदर्शीसमेतको व्यहोराबाट समर्थित भएको अवस्था देखिँदा श्रम ऐन, २०४८ को कानूनी व्यवस्थासमेतका आधारमा निवेदकलाई सेवाबाट हटाउने भनी कारखाना महाप्रबन्धकको निर्णय सदर गरेको श्रम अदालतको मिति २०७०।६।४ को फैसला कानूनसम्मत् र न्यायोचित नै देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०५२८, उत्प्रेषण/परमादेश, *राजु राई वि. गृह मन्त्रालयसमेत*

कैदीलाई बिनापत्र र बिनाहातहतियार लैनचौरमा सामान किनाई गल्फुटारस्थित रीता रानामगरको कोठामा पुर्‍याउने कार्यमा आफ्नो संलग्नता निवेदकले यस निवेदनमा पनि स्वीकार गरेको पाइन्छ । केवल सो कार्य प्रहरी निरीक्षक डोलराज शाहीको निर्देशनमा गरेको र निजको निलम्बन फुकुवा भएकोले समान प्रतिवादीका हकमा असमान व्यवहार भयो भन्नेसम्म जिकीर निवेदकको पाइन्छ । प्रस्तुत विभागीय कारवाहीअन्तर्गत कसूरको मात्राको आधार सबूद प्रमाणको रोहमा अधिकारप्राप्त अधिकारीले कानूनको अख्तयारीभित्र रही सजाय निर्धारण गर्ने हो । यसरी भएको सजायको औचित्यको परीक्षण यस अदालतले समन्यायिक आधारमा गर्दा निवेदकको सफा हातका साथै विलम्बको सिद्धान्तमा समेत ध्यान केन्द्रित गर्नुपर्दछ । पछिल्लो मिति २०६८।१२।२८ को पुनरावेदकीय निर्णयसमेत बदर गराउन मिति २०७०।१०।१३ मा निवेदक करीब दुई वर्षपछि यस अदालतमा प्रवेश गरेको पाइन्छ । यसरी निवेदक अनुचित विलम्ब गरी अदालत प्रवेश गरेको अवस्था देखियो । कारण सिर्जना भएको लामो समयावधिपछिमात्र अदालत प्रवेश गरेको देखिन्छ । विलम्ब हुनाको भरपर्दो आधार र कारण निवेदकले निवेदनमा खुलाउन सकेको पाइएन । रिट निवेदक आफू स्वयं अदालतमा उपस्थित हुन नसकिने अवस्थामा वारेसमार्फत रिट निवेदन दायर गर्न सकिने नै

हुँदा उक्त सुविधा उपभोग नगरी समयमै रिट निवेदन दायर गर्न नसकिएको भन्ने निवेदन जिकीर तर्कसङ्गत् नदेखिँदा भरपर्दो र विश्वासलायक आधार र कारणबिना अनुचित विलम्ब गरी दायर भएको प्रस्तुत रिट निवेदनमा माग गरिएबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नहुँदा प्रस्तुत निवेदनमा कारण देखाउ आदेश जारी गरिरहन परेन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०६९६, उत्प्रेषण, *डम्बरकुमारी सेन ठकुरी वि. जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय लिवाङ, रोल्पासमेत*

मालपोत कार्यालयले निवेदन मागबमोजिम छूट जग्गा दर्ता गर्न इन्कार गरेको जग्गा नेपाल सरकारको नाममा दर्ता भएको र सामुदायिक वन क्षेत्रलाई हस्तान्तरण भएको समेतका विरूद्ध सबूद प्रमाणको मूल्याङ्कन गरी हक बेहकमा निर्णय गर्न असाधारण अधिकारक्षेत्रबाट सम्भव हुँदैन । चार किल्ला भिडाउन, नाप नक्सा गर्न तथा निवेदनसाथ संलग्न कागजात यही जग्गासँग सम्बन्धित हो होइन भन्ने निर्णय दिन पनि यस असाधारण अधिकार क्षेत्रबाट सम्भव नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २१ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०७१०, उत्प्रेषण/परमादेश, *राममूर्ति यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

छूट दर्ताका लागि मिति २०४१।१२।३० र मिति २०५६।१।१९ मा मालपोत कार्यालय, रूपन्देहीमा निवेदन दर्ता भएको र सो कार्यालयबाट मिति २०५१।९।६ मै उक्त जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता गर्न निर्णय भई नापी शाखा, रुपन्देहीलाई पत्राचार भएको अवस्थामा सो निर्णयको जानकारी मिति २०७०।१२।१३ मा मात्र भएको भन्ने निवेदन जिकीरका सम्बन्धमा यतिका दिनसम्म आफूले पेश गरेको निवेदनउपर के काम कारवाही भएको रहेछ भनी खोजतलास गरी जानकारी नलिनुको उचित र मनासिब कारण रिट निवेदकले उल्लेख गर्न सकेको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७० साल चैत २७ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WO-०७१२, उत्प्रेषण, *नरबहादुर कार्की वि. महेशबहादुर सिंहसमेत*

निवेदकले आफ्नो फर्मलाई कालोसूचीमा राख्ने आशङ्का व्यक्त गरी पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको रिट निवेदन दायर गरेका र यस अदालतसमक्ष प्रस्तुत निवेदनमा मेघा बैंक लिमिटेडले कर्जा सूचना केन्द्र लिमिटेडमा निवेदक र निजको फर्मलाई कालोसूचीमा राख्न लेखी पठाएको भन्ने लिखित जवाफको व्यहोराबाट थाहा पाएको भनी उल्लेख गरेको भएतापनि निवेदक वा निजको फर्मलाई कालोसूचीमा राखी सकिएको भन्ने कुनै निर्णय भइसकेको भन्ने नदेखिएको हुँदा आशङ्काको आधारमा प्रस्तुत रिट निवेदन दायर भएको देखियो । क्षेत्राधिकार सम्पन्न पुनरावेदन अदालतमा विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी यस अदालतबाट रिट निवेदनका माध्यमले बोल्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-RE-०२२४, ०२२५, ०२२९ ठगी, *विष्णुप्रसाद उपाध्यायसमेत वि. नेपाल सरकार, निराजन खड्का वि. नेपाल सरकार, कान्छा श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीहरू विष्णुप्रसाद उपाध्याय, निराजन खड्का, कान्छा श्रेष्ठ, विनितकुमार रौनियार र प्रदिप शर्मा आरोपित कसूरमा इन्कार रही सुरू काठमाडौं जिल्ला अदालतमा बयान गरेको देखिन्छ । प्रतिवादी विनितकुमार रौनियार र विष्णुप्रसाद उपाध्याय संस्थाको पदाधिकारी नै नरहेको त्यस्तो अवस्थामा पनि पदाधिकारी कायम गरेको सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा कीर्ते जालसाजी मुद्दा दायर भई उक्त मुद्दा विचाराधीन रहेको भन्ने कुरा देखिन आएको छ । यस्तो अवस्थामा धरौटी रकमको मात्रा निर्धारण गर्ने अधिकारको प्रयोग न्यायाधिकारीले वस्तुनिष्ठ आधारमा गर्नुपर्नेमा कुनै आधारबिना सुरू काठमाडौं जिल्ला अदालतबाट माग भएको धरौट रकमलाई पुनरावेदन अदालत, पाटनबाट अस्वाभाविकरूपमा वृद्धि गरी प्रतिवादीहरूबाट जनही रू.५०,००,०००।- (पचास लाख) रूपैयाँ माग गरिएको धरौट रकम न्यायसम्मत् नभई बेरीतको देखिएकोले निवेदक प्रतिवादीहरूको हकमा पुनरावेदन अदालत, पाटनको मिति २०७०।११।३० को आदेश बदर हुने ।

इति संवत् २०७१ साल असार ४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-RE-०१८४, बैंकिङ कसूर, *बालनरसिँह घर्तीसमेत वि. नेपाल सरकार*

ऋणीलाई २०६७।३।३१ मा उक्त कर्जा प्रवाह भएकोमा ऋणीका साथमा रहेको चल सम्पत्तिको नियमित प्रमाणीकरण गर्ने क्रममा बैंकका अधिकृतहरूद्वारा २०६७।५।३ मा परीक्षण गर्दा रू. १७०५०००००।- (सत्र करोड पाँच लाख) को सम्पत्ति पाइएको भनी किष्ट बैङ्कको अधिकृतले दिएको प्रतिवेदनबाट देखिएको हुँदा कर्जा प्रवाह गरेको समयमा र कर्जा प्रवाह गरेको करीब २ महिनापछि पनि ऋण रकमको अनुपातमा धितोको मूल्याङ्कन यथेष्ट देखिएको स्थितिमा करीब ३ वर्षपछि मिति २०७०।२।३१ मा मात्र खराब कर्जा भनी नेपाल राष्ट्र बैङ्कले प्रतिवेदन दिई प्रस्तुत मुद्दा चलेको देखिँदा यी प्रतिवादीहरूले कर्जा स्वीकृत गर्दाको अवस्था कम धितो लिई वा बद्नियतपूर्ण तवरले कामकारवाही गरेको वा कसूरजन्य कार्य गरी ऋण प्रवाह गरेको नदेखिई पछिको अवस्थाको आधारमा मुद्दा दायर गरेको देखिँदा तत्काल प्राप्त प्रमाणबाट निजहरू कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार विद्यमान नदेखिँदा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११८ को देहाय २ बमोजिम पुर्पक्ष निमित्त थुनामा राख्ने भनी पुनरावेदन अदालत, पाटनको वाणिज्य इजलासबाट मिति २०७०।९।१७ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । अब अ.बं. ११८ को देहाय ५ र १० नं. बमोजिम पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा यी प्रतिवादीहरू बालनरसिंह घर्ती मगर र प्रगुण श्रेष्ठले जनही रू. २५,००,०००।- (पच्चीस लाख) नगद धरौट वा सोबापत जेथा जमानत दिनसके तारिखमा राखी र धरौट वा जमानत दिन नसके प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-RE-०१५६, बैंकिङ कसूर (कर्जा दुरूपयोग), *रूबी जोशी वि. नेपाल सरकार*

नेपाल राष्ट्र बैंकको पत्रसंख्या बैं.सु.वि./एन.बि. डेस्क/विविध/६/०७०/७१ मिति २०७०।५।२६ को कर्जा ब्याज पूर्णरूपमा चुक्ता भइसकेको भनी लेखिएको पत्र मिसिल संलग्न रहेको र सोही पत्रलाई आधार मानी यिनै निवेदकसरहका प्रतिवादीहरू श्रीराम लामिछाने प्रतिवेदन नं. ०७०-RE-०१५० र प्रतिवादी गौरीशङ्कर चौधरी प्रतिवेदन नं. ०७०-RE-०१०७, मा यस अदालतको क्रमशः मिति २०७१।२।१४ र २०७१।२।७ को आदेशबाट साधारण तारिखमा रहेको देखिँदा सोसमेतका आधारमा समानस्तरको निवेदक रूबी जोशीको हकमा पनि त्यस अदालतबाट भएको मिति २०६९।८।१८ र २०७०।६।७ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । निजलाई मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय ७ बमोजिम थुनामा राख्न उपयुक्त नहुँदा अबं ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-RE-०१५३, बैंकिङ कसूर, (कर्जा दुरूपयोग) *रूबी जोशी वि. नेपाल सरकार*
- ०७०-RE-०१५४, बैंकिङ कसूर, (कर्जा दुरूपयोग) *रूबी जोशी वि. नेपाल सरकार*
- ०७०-RE-०१५५, बैंकिङ कसूर, (कर्जा दुरूपयोग) *रूबी जोशी वि. नेपाल सरकार*
- ०७०-RE-०१५७, बैंकिङ कसूर, (कर्जा दुरूपयोग) *रूबी जोशी वि. नेपाल सरकार*
- ०७०-RE-०१५८, बैंकिङ कसूर, (कर्जा दुरूपयोग) *रूबी जोशी वि. नेपाल सरकार*

४

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-००५९/०७०-RE-००७३, भन्सार चोरी पैठारी, *खुमराज पुन्जालीसमेत वि. नेपाल सरकारसमेत*

प्रतिवादीहरू मोहनकुमार अग्रवाल, नाम्गेल भन्ने ओमबहादुर बज्राचार्य र ग्याम्सो लामासमेत तीनैजना प्रतिवादी अनुसन्धान अधिकारीसमक्षको बयानमा कसूरमा इन्कारी बयान गरेको, अपराधसँग सम्बन्धित सुन निजहरूबाट बरामद भएको नदेखिएको, निजहरूले प्रतिवादीमध्येका निमा छिरिङ तामाङलाई बरामद भएको उक्त सुन लिन पठाएको भन्ने भनाई नभई निज प्रतिवादीलाई उक्त बरामद भएको सुन नागा भोटे (लामा) भन्नेले दिएको भनी र उक्त सुन कहिले ग्याम्सोलाई दिन भनेको र कहिले मोहन (माडे) लाई दिनु भनेको भनी निज प्रतिवादी निमा छिरिङले पृथक बयान गरेको अवस्था देखिएको छ । प्रतिवादी निमा छिरिङको भनाइबमोजिम बरामद भएको सुन नागा भोटेले दिएको भन्ने भएपछि निज नागा भोटे (लामा) लाई विपक्षी बनाएको समेत देखिँदैन । प्रतिवादीहरू मोहनकुमार अग्रवाल र ग्याम्सो लामालाई प्र. निमा छिरिङद्वारा सनाखत गराइएको छैन, उक्त बरामद भएको सुन यिनै प्रतिवादीहरूको भन्न सकिने हालसम्मको मिसिलका कागजबाट नदेखिएको समेतका आधारबाट प्रतिवादी ध्याम्जो लामाका हकमा तारिखमा राख्ने गरेको आदेश बेरीतको देखिएन । प्रतिवादी मोहनकुमार अग्रवालको हकमा विचार गर्दा बरामद भएको सुन निजको हो भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको र पोललाई पुष्टि गर्ने शृङ्खलाबद्ध प्रमाणसमेत

मिसिलमा नदेखिएको अवस्थामा निजको हकमा धरौट माग्ने गरेको आदेश बेरीतको देखिँदा बदर भै निजलाई अ.बं. ४७ नं बमोजिम तारिखमा राख्नुपर्ने र अर्का प्रतिवादी नाम्गेल भन्ने ओमबहादुर बज्राचार्यका हकमा बरामद भएको ट्रक निजको देखिएको सम्मका आधारबाट निजबाट रू. १,००,०००।- (एक लाख) नगदै धरौट माग गर्नुपर्नेमा रू. ३,७४,९८,५१९।- नगद धरौट माग गर्ने गरेको आदेश सो हदसम्म मिलेको देखिएन । अतः राजस्व अनुसन्धान विभागको मिति २०७०।३।३१ को आदेशलाई सदर गर्नेसमेत गरी गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०७०।०४।१८ को आदेश निवेदक प्रतिवादी मोहनकुमार अग्रवाल र नाम्गेल भन्ने ओमबहादुर बज्राचार्यका हकमा मिलेको नभई बेरीतको देखिँदा बदर हुने । अब प्रतिवादीमध्ये मोहनकुमार अग्रवाललाई अ.बं.४७ नं. बमोजिम तारिखमा राखी र अर्का प्रतिवादी नाम्गेल भन्ने ओमबहादुर बज्राचार्यसँग रू. १,००,०००।- (एक लाख) नगदै धरौट लिई तारिखमा राख्नु र प्रतिवादी ध्याम्जो लामालाई अ.बं. ४७ बमोजिम तारिखमा राख्ने गरेको आदेश बेरीतको नदेखिँदा परिवर्तन गर्न नपर्ने ।

इति संवत् २०७१ साल जेठ २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०७०-RE-०१२०, वन्यजन्तु चोरी शिकारी, *राममाया वाईबा वि. नेपाल सरकार*

प्रतिवादी राममाया वाईबाउपर प्रस्ताव गरिएको कसूरमा हुनसक्ने सजायमा स्वविवेकीय अधिकार प्रयोग गरी ५ वर्ष कैद गर्नुपर्नेसम्मको अवस्था नदेखिई लोग्नेले गरेको शिकारमा यी प्रतिवादीलाई थुनामा राख्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिँदा वन्यजन्तु आरक्षण कार्यालयको मिति २०६९।३।२४ को आदेश सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।५।१३ को आदेश बदर गरिदिएको छ । अ.बं. ११८ को देहाय ५ र १० समेतप्रति विचार गरी रू. ५०,०००।- (पचास हजार) नगद वा सो बराबरको जेथा जमानत दिन ल्याए लिई तारिखमा राख्नु, दिन नसके थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-RE-००३५, ००३६, बैंकिङ कसूर, *योगेन्द्रप्रसाद श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीका उपर हुनसक्ने अधिकतम् कैद सजाय तथा थुनाको प्रयोजनमा रहेको कैदलाई विचार गर्दा २ वर्ष ९ महिना कैद बसिसकेको देखिएको, मुद्दाको प्रकृतिले Fast Track मा गई मुद्दा छिन्नुपर्ने देखिन्छ । अ.बं. १२३ नं. ले पनि यस्ता प्रकारका थुनामा रहेका प्रतिवादीहरूका मुद्दाहरूमा १ वर्षभित्रमा किनारा गरिसक्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको देखिन्छ । मुद्दामा लामो समयसम्म किनारा नहुँदा धरौट माग गर्नसक्ने व्यवस्था पनि सो ऐनले तोकेको देखिन्छ । अभियुक्तको उपर अपराध हुँदाको परिस्थिति प्रतिवादीको पहिलेको आचरणसमेतलाई हेर्दा अब धरौट माग गर्नसक्ने कानूनी आधार देखिएकोले कानूनको म्यादभित्र मुद्दा किनारा नहुँदा त्यसको सुविधा अभियुक्तमा जाने भएकोले त्यस अदालतको मिति २०६८।८।४ को आदेश बदर गरिदिएको छ । अब प्रतिवादीसँग रू. ३५,००,०००।- (पैतीस लाख) नगद वा जेथा जमानत दिन ल्याए लिई तारिखमा छोड्नु, दिन नसके कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-AP-०४०९, उत्प्रेषण, *भोजराज भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले उठाएको विषय हेर्दा २०७१।१।८ मा आएको प्रहरी नियमावलीका विभिन्न प्रावधानहरू विभेदकारी भएको, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६(५) विपरीत भएको भन्नेसमेतका कुराहरूको जिकीर लिएको देखिँदा यस्तो विषय दरपीठ गर्न मिल्ने प्रकृतिको नभएको हुँदा दरपीठ गर्ने गरी यस अदालतको रजिस्ट्रारबाट मिति २०७१।२।३० मा भएको आदेश बदर हुने ।

इति संवत् २०७१ साल असार १० गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७०-WO-०९०२, उत्प्रेषण, *खुमाप्रसाद अर्याल वि. शिक्षा मन्त्रालयसमेत*

रिट निवेदक युनिभर्सल इन्स्टिच्युट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रालिलाई त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानले यस शैक्षिक वर्षको लागि PG Program को ४५ सिट प्रदान गरेको देखिएको, त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परीक्षाको नतिजा मिति २०७१।३।९ मा प्रकाशित भई भर्ना प्रक्रिया सुरू भइसकेको समेत अवस्थाबाट निवेदकले प्राप्त गरेको ४५ सिट संख्या घटाई त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानको १२ सिटमा सीमित गर्ने निर्णयबाट रिट निवेदक रिसर्च प्रा.लि. लाई तत्काल अपूरणीय क्षति पुग्न जाने देखिएकाले शक्ति सन्तुलन र सुविधासमेतलाई विचार गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मेडिकल काउन्सिलको मिति २०७१।२।९ गतेको निर्णय एवम् त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानको मिति २०७१।२।१२ गतेको निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु साथै निवेदकले प्राप्त गरेको ४५ सिट संख्याबमोजिम विद्यार्थी भर्ना गर्न गराउन कुनै अवरोध नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी हुने ।

इति संवत् २०७१ साल असार १३ गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति